# कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८३

(पर्यटन, वन, वातावरण तथा भू-तथा जलाधार व्यवस्थापन)

प्रदेश सरकार (मा.मन्त्रिस्तरीय निर्णय)बाट स्वीकृत मितिः २०८३/ ०६/ ०८

२०८३/०६/०८
स्वीकृत

मा. खिनु लङ्वा (लिम्बू)
मन्त्री

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर,नेपाल

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मा. खिनु लङवा (लिम्बू)
मन्त्री

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय

कोशी प्रदेशकोपर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पर्यटन विकास आयोजना, पर्यटन कार्यालय,आयोजना इकाईर कार्यालयहरुबाट स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, कार्यविधि रमार्गदर्शनअनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी प्रदेश सरकारको नीति तथा कार्यक्रमले हासिल गरी मन्त्रालयको समग्र उद्देश्य प्राप्ति गर्नु र नागरिक सेवा प्रवाह गराई सुशासन कायम गर्नु गराउनु तथा कार्यक्रमको उपलब्धी प्राप्त गर्नु रहेको छ ।विभिन्न कार्यक्रम र क्रियाकलापहरु विभिन्न निकायहरुले सम्पादन गर्दा समान प्रकृतिका क्रियाकलाप मापदण्ड अनुसार कार्यान्वयन होउन् र कार्यान्वयन गर्ने निकाय/कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यलेविगतका अनुभवहरुलाई समेत मध्यनजर गरी कोशी प्रदेश विनियोजन ऐन,२०८३ को दफा ११ को उपदफा(२) को अधिकार प्रयोग गरी आ. व. २०८३/८४ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शनतयार गरीएको छ ।

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त

यो मार्गदर्शन निर्माणका क्रममा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४,कोशीप्रदेश सार्वजनिक खरिद नियमावली २०८३, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, भ्रमण खर्च नियमावली, २०६४, कोशी प्रदेश विनियोजन ऐन, २०८३ तथा आ.व. २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको छ । उल्लिखित सिद्धान्तको परिधिभित्र रही प्रचलित कानूनका आधारमा तय गरिएका क्रियाकलाप सञ्चालन गर्नु सम्बन्धित निकायको जिम्मेवारी हुनेछ। यस मार्गदर्शनमा उल्लेख भए बाहेकका स्वीकृत वार्षिक कार्यक्रमहरू संचालन गर्दा **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८२** माननीय मन्त्रीस्तरीय मिति २०८२/०५/२३ को निर्णयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन विधि, जनशक्ति व्यवस्थापन, अपेक्षित उपलब्धि सोही बमोजिम गर्ने गरी यो मार्गदर्शन तयारी गरिएकोछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

## विषय सूची


**कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धी परिचय** ........ १

**कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शनको आधारभूत सिद्धान्त** ........ १

१. सार्वजनिक स्थलमा फोहोरदानी व्यवस्थापन ........ ४

२. कबुलियती वनमापानी मुहान संरक्षण ........ ५

३.लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण कार्य योजना निर्माण ........ ६

५.अग्नी नियन्त्रण सम्वन्धि सामाग्री, उपकरण तथा सामान खरिद एवं वितरण ........ ८

६. Fire Fighting Tools Display Stand निर्माण र व्यवस्थापन ........ ९

७. वन्यजन्तुका लागि पानी स्रोत व्यवस्थापन ........ १०

८. सिमसार संरक्षण तथा व्यवस्थापन/पोखरी निर्माण तथा व्यवस्थापन ........ १०

९. जडीबुटी तथा गैरकाष्ठ वन पैदावर प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन ........ ११

१०. कर्मचारी दक्षता अभिवृद्धि तालिम ........ ११

१२. निजी वनसम्बन्धी प्रचारप्रसार कार्यक्रम ........ १३

१३. ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन ........ १४

१४. डिजिटल डिस्प्ले बोर्ड खरिद र जडान ........ १५

१५. Earth Auger खरिद तथा वितरण ........ १५

१६. कबुलियती वन समुह मार्फत आयमुलक विरूवा उत्पादन तथा नर्सरी व्यवस्थापन ........ १६

१८ ..अरुण उद्यान निर्माण अरुण ३ भोजपुर ........ १७

१९कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम . ........ १८

२० मिचाहाप्रजाति सम्बन्धि अध्ययन (नक्साङ्कन समेत) ........ १८

२१ . मानव वन्यजन्तु द्वन्द समस्याचुनौती र समाधान विषयक प्रदेशस्तरिय सम्मेलन ........ १९

२२. जडिबुटी सम्बन्धि क्षमता अभिबृद्धि तालिम ........ २१

२३ रुद्राक्षको बजार तथा व्यवसायिकरण प्रवर्द्धन ........ २१

२४ सफाई .सम्बन्धी संघ संस्थालाई सफाई सामाग्री वितरण ........ २२

२५.वन्यजन्तु .Handling (सर्प तथा अन्य समस्याग्रस्त वन्यजन्तुसम्बन्धी तालिम) ........ २३

२६जनशक्ति व्य/उपकरण/औजार/वन्यजन्तु उद्दार तथा वन अपराध नियन्त्रणका लागि औसधि . ........ २४

२७ . जडिबुटी उत्पादक, संकलक तथा व्यापारी वीच अन्तरक्रिया गोष्ठी ........ २५

२८ रुख तथा महत्वपूर्णजडीबुटीहरुको विरुवा रोपण सम्बन्धी तालिम र निजी वनको प्रवर्द्धन ........ २५

२९. वन अध्ययन अनुसन्धान कार्यक्रमहरुको कार्यान्वयन प्रकृया : ........ २६

३०. तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन प्रकृया : ........ २७




डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

३१. इन्टर्नसिप कार्यक्रम कार्यान्वयन प्रकृया : ............ ३०
३२. प्राकृतिक स्रोत व्यवस्थापनमा अनुसन्धान सहयोग ............ ३१
३३.एफ. एन. ए .को संस्थागत सहयोग ............ ३३
३४. कानुन जैविक विविधता तथा वन सम्बन्धी पुस्तकालय व्यवस्थापन : ............ ३३
३५. लोपोन्मुख कछुवा संरक्षणका लागि अध्ययन तथा अनुसन्धान कार्यक्रम बेलबारी नगरपालिकाको समन्वयमा ............ ३४
३६मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि हात्ती मञ्च लगायतको संस्थागत सुदृढीकरण . ............ ३५
३७ (खुला चिडियाखाना) प्राणी उद्यान.,वन्यजन्तु उद्दार केन्द्र स्थापना गुरुयोजना तथा/संभाव्यता अध्ययन)DPR तयारी र कार्यान्वयन ) ............ ३५
३८. सडककिनार तथा सार्वजनिक जग्गामा OrnamentalPlants को वृक्षारोपण केज सहित / सडक सडक खण्ड हरियाली विकास (ट्रीगार्ड सहित) खोला किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण/ (Road Green Belt Development) ............ ३६
३९ प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समितिको बैठक ............ ३७
४०. GEDSI कार्ययोजना कार्यान्वयन ............ ३८
४१.वन सम्वर्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन मार्फत काठदाउरा उत्पादन कार्यक्रम . ............ ३९
४२ शान्तिधाम पार्क निर्माण त्रियुगा नगरपालिका-१२, उदयपुर ............ ४०
४३. रेड पाण्डा संरक्षणको लागि प्रजनन् केन्द्र स्थापना तथा वासस्थान संरक्षण ............ ४१
४४. वनजन्य उद्यम विकास सहयोग ............ ४२
४५. हरियाली प्रवर्द्धन कार्यक्रम ............ ४३
४६. जिवीकोपार्जन सुधार योजना कार्यान्वयन ............ ४४
४७. वर पिपल समि चौतारी निर्माण/संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम ............ ४५
४८. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन ............ ४५
भू तथा जलाधार संरक्षण-तर्फ कार्यक्रमहरू ............ ४७
४९. आकस्मिक भू-संरक्षण कार्यक्रम ............ ४७
५०. एकिकृत भू-स्खलन नियन्त्रण ............ ४८
५१. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन............ ५०
५२. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन............ ५२
५३. चुरे तथा नदी प्रणाली संरक्षण ............ ५३
५४. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village) ............ ५५
५५. पार्श्वचित्र प्रकाशन (Activity Profile) ............ ५६
५६. भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन ............ ५६
५७. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण ............ ५८
५८. विरूवाउत्पादन तथा वितरण ............ ५९



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

५९. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख ........ ६०
६०. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम ........ ६०
६१. सडकसँग भू-संरक्षण ........ ६२
६२. पानी मुहान संरक्षण ........ ६३
६४. सिमसार पोखरी जलाधार/व्यवस्थापन ........ ६६
६५. फलफूलको विरूवा खरिद तथा वितरण ........ ६७
६६. नर्सरी मर्मतस्तरोन्नति/ ........ ६८
६७. Replication of DCRL activities -Catchment (पुनर्स्थापना) contour trench मा घाँस रोपण तथा अन्य ........ ६९

१. सार्वजनिक स्थलमा फोहोरदानी व्यवस्थापन

बढ्दो शहरीकरण, सघन जनघनत्व तथा सरसफाईको कार्यसँगै उत्पादित फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्दा जनस्वस्थ्यलाई गम्भिर असर पार्नुका साथै गाँउ,शहर बजारको सौन्दर्य तथा त्यसक्षेत्रको पर्यावरणमा समेत प्रतिकुल प्रभाव परेको छ । स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी सार्वजनिक स्थानमा फोहरमैला फाल्न प्रतिबन्ध तथा फोहोरमैलाको उचित व्यवस्थापनका लागि जनस्तरसम्म सरसफाई र फोहरमैला व्यवस्थापन बारे जनचेतना अभिवृद्धिगर्नको लागियोकार्यक्रम संचालन गरिनेछ ।

**कार्यान्वयन विधि**

यसमा सार्वजनिक स्थल तथा कार्यालय परिसरमा फोहोरदानी व्यवस्थापनको लागि यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ । साथै यसमा उपयुक्त वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक र जानकारीमूलक सामग्री तयार गरी प्रचारप्रसार गर्न सकिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा माइकिङ्ग तथा प्रवचन आदि समेत खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

वन कर्मचारीहरूद्वारा स्थानीय तह, वातावरण समिति तथा टोल सधार समितिहरूको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

सार्वजनिकस्थलको वातावरण संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने । साथै पर्यटकियस्थलहरूमा फोहोरमैलाको व्यवस्थान हुने ।

२ कबुलियती वनमापानी मुहान संरक्षण

डिभिजन वन कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटका आधारमा कार्यक्रम कार्यान्वयनका लागि कबुलियती वनको छनोट गर्नेछ।सम्बन्धित प्राविधिक कर्मचारीबाट मुहानको अवस्था, जलाधार क्षेत्र तथा संरक्षण गर्नुपर्ने कार्यहरूको स्थलगत प्राविधिक मूल्याङ्कन गराई प्रतिवेदन तयार गरिनेछ। प्राविधिक मूल्याङ्कनका आधारमा लागत अनुमान, डिजाइन तथा कार्ययोजना तयार गरी स्वीकृत गरिनेछ।कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कबुलियती वन व्यवस्थापन समूहसँग प्रचलित कानुनबमोजिम सम्झौता गरिनेछ। सम्झौतापश्चात् देहायबमोजिमका कार्यहरू सञ्चालन गरिनेछः

(क) मुहान क्षेत्रको सरसफाइ तथा संरक्षण,
(ख) भूक्षय नियन्त्रण तथा पानी पुनर्भरण (Recharge) हुने संरचनाहरू निर्माण,
(ग) स्थानीय उपयुक्त प्रजातिका वृक्ष, झाडी तथा घाँस
(घ)आवश्यकता अनुसार पानी निकास व्यवस्थापन, चेकड्याम, ट्रेन्च तथा अन्य संरक्षण संरचना निर्माण ।

कार्यक्रम कार्यान्वयनको क्रममा डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारीले नियमित प्राविधिक सुपरिवेक्षण तथा अनुगमन गर्नेछन्।निर्माण सम्पन्न भएका संरचनाहरू तथा मुहानको संरक्षण, सञ्चालन, मर्मतसम्भार र दिगो व्यवस्थापनको जिम्मेवारी सम्बन्धित कबुलियती वन व्यवस्थापन समूहको हुनेछ।डिभिजन वन कार्यालयले कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

**कार्यान्वयनप्रक्रिया**

- आधारभुत तथ्याङ्क संकलन,
- वस्तुस्थितिको विश्लेषणःअध्ययन अनुसन्धान, अन्तरकृया,सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणःकार्यालयमा तहका कर्मचारी बाट कार्य सञ्चालन
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।
- अनुगमन तथा मूल्याङ्कन

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयका जनशक्ति प्रयोग गरी यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट ३ वटा कवुलियती वन तथा अन्य विभिन्न १४ स्थान गरी कुल १७ स्थानमा खानेपानीका मुहान संरक्षण सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

३.लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण कार्य योजना निर्माण

**कार्यान्वयन विधि**

यस कार्यक्रमबाट विभिन्न वैज्ञानिक अध्ययनहरुले नेपालमा संकटापन्न र लोपोन्मुख अवस्थामा रहेका भनी पहिचान गरेका प्रजातिहरुको संरक्षण योजना तयार गरिनेछ । वनस्पति प्रजातिको वासस्थान र त्यसको संक्षणमा रहेका चुनौतिहरुलाई ध्यान दिई संरक्षण योजना तयारी गर्नुपर्दछ । संरक्षण योजनां बनाउनका लागि डिभिजन वन कार्यालयले कार्यविवरण (Terms of Reference) तयार तथा स्वीकृत गर्नुपर्दछ । यसमा विनियोजित बजेट इन्धन, यातायात, दैनिक भ्रमण भत्ता, खाजा तथा अन्तरक्रिया कार्यक्रममा खर्च गर्न सकिनेछ । साथै यस सम्बन्धि रिपोर्ट मन्त्रालय तथा निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहको सहयोग लिइ यो कार्य संचालन गर्न सक्नेछ । यो कार्यक्रम प्रचलित कानून बमोजिम सेवा प्रदायकबाट पनि सञ्चालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

संकटापन्न वनस्पति प्रजातिहरुको संरक्षण तथा व्यवस्थापन योजना तयार भइ कार्यान्वयनमा जानेछ ।

४. मिचाहा प्रजाती, पत्कर आदीबाट जैविक कम्पोष्ट मल उत्पादन उद्यम स्थापना/संचालन (वन उपभोक्ता समूह मार्फत)

तराई, चुरे तथा पहाडका वनक्षेत्रमा हाल अनियन्त्रित रूपमा फैलिएर वनका मुख्य प्रजातिहरूकोपुनरूत्पादन,जैविक विविधता संरक्षण तथा रूख विरुवाको बृद्धि, वन्यजन्तुको प्राकृतिक बासस्थानमा तथा सिमसार क्षेत्रमा समस्या पैदा गरिरहेकामिचाहाप्रजातिहरूलाई नियन्त्रण तथा व्यवस्थापन गरी वनको हैसियतमा सुधार ल्याउनु अत्यावश्यक देखिएको छसाथै वनक्षेत्रमा पत्कर व्यवस्थापन नहुँदा यसले वन डढेलोको सम्भावना बढ्ने हुँदा सोको समयमा व्यवस्थापन गरी वन डढेलोको जोखिम न्यूनीकरणमा टेवा पुऱ्याउन सकिन्छ । वन क्षेत्रमा समस्याका रूपमा रहेका मिचाहा प्रजातिहरूलाई रसायनकोप्रयोग नगरी संकलन



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

गर्ने तथा वनको पत्कर समेत संकलन गरी प्रविधि प्रयोग गरी सोबाट जैविक कम्पोष्ट मल उत्पादन गर्न सकिने प्रवल सम्भावना रहेको छ साथै जैविक कम्पोष्ट मलको माग बजार बढ्दो छ । अतः मिचाहा प्रजाती,पत्कर संकलन, प्रशोधन, प्रविधि विकास तथा मूल्य अभिवृद्धि गरी रोजगारी तथा आय आर्जनमा वृद्धि, जिल्लामा निर्यात प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने यस वनजन्य उद्यम/उद्योग स्थापना तथा प्रवर्द्धनको विशेष महत्व रहेको छ ।

**कार्यान्वयन विधि**

विशेष गरी मिचाहा वनस्पति, पातपतिङ्गर, झाडिपातहरू तथा अन्य जैविक फोहोरको प्रभावकारी व्यवस्थापनबाट जैविक कम्पोष्ट मल उत्पादन उद्यमको स्थापना र विकासका लागि आवश्यक उपकरण, प्रविधि खरिद लगायतका कार्यका लागि अनुदानको व्यवस्था गर्दै वनजन्य उद्यमहरूको विकासमार्फत रोजगारी र मूल्य अभिवृद्धिमा टेवा पुऱ्याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । वन उपभोक्ता समूहसँगको साझेदारीमा उद्यम स्थापनासंचालन र प्रवर्द्धन/ मार्फत स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसर अभिवृद्धि गर्न सकिन्छ । यसकार्यक्रमअन्तर्गतमूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने प्रशोधन र भण्डारण विधि लगायतकाप्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने आधुनिक प्रविधि,उपकरण र क्षमता विकास कार्यहरुमा सहयोग गर्नसकिने छ । उद्यम स्थापना तथा संचालनका लागि डिभिजन वन कार्यालयले प्रस्ताव आह्वान गर्न कम्तीमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । प्रस्तावनामा निम्न विषयवस्तु समावेश हुनुपर्नेछः

- जैविक मलको लागि प्रशस्त कच्चा पदार्थ भएको तथा नियमितप्राप्तिको स्रोत सुनिश्चितता,
- जैविक मल बनाउने उपयुक्त विधि चयन/प्रविधिको प्रयोग,
- कूल लागत र साझेदारीको अनुपात,
- सृजना हुने रोजगारी,
- वातावरणमा पार्ने सकरात्मक प्रभावहरु ।

उपरोक्त सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सबैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । सम्झौता गर्नुअघि डिभिजन वन कार्यालयबाट प्रस्ताव कार्यान्वयन क्षेत्रको अधिकृतस्तरका कर्मचारी मार्फत स्थलगत निरीक्षण (फिल्ड भेरीफिकेसन) गराउन सक्नेछ । उद्यम संचालनको लागि प्रस्तावक वन उपभोक्ता समूहको कम्तीमा २० प्रतिशत लगानी साझेदारी हुनुपर्नेछ ।यस कार्यक्रममा सम्बन्धित निकायका प्राविधिकको सहयोगमा प्राविधिक डिजाईन/स्पेशिफिकेशन तयार गरी प्रचलित खरिद तथा निर्माण प्रक्रिया अवलम्बन गर्नुपर्नेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः-

- उद्योमको नाम,संचालक र ठेगाना,

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

- उद्योम संचालन रहेको स्थान ,(अवस्थिति सहित)
- उत्पादन हुने वस्तु तथा सेवा,
- कुल लागत र अनुदान तथा उद्यमीको अंश,
- रोजगारी अनुमानित श्रमदिन (प्रतिवर्ष)
- उद्योम संचालन स्थलमा राखिएको माथिका विवरण देखिने सुचना बोर्डको फोटो ।

उद्यम संचालक,उद्योग र उत्पादित वस्तु सवै एकमुष्ट प्रष्ट देखिने फोटो,मेसिन औजार अनुदानमा खरिदगरेको भए उक्त मेसिनमा पनि सम्बन्धित कार्यालयबाट प्रदान गरेको अनुदान प्रतिशत समेत खुलाइ सबैलेदेखिने स्थानमा उल्लेख गरिएको हुनुपर्ने र सो को फोटो समेत कार्यसम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारीहरूको सहयोगमा सुमदायिक वन उपभोक्ता समुह मार्फत कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वन क्षेत्रको मिचाहा प्रजातीको व्यवस्थापन भई आर्थिक उपार्जन भई जिविकोपार्जनमा सुधार हुने ।

५.अग्नी नियन्त्रण सम्वन्धि सामाग्री, उपकरण तथा सामान खरिद एवं वितरण

वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु विशेष किसिमको र अग्नि समन टोली (Firefighting team) सदस्यहरुले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामाग्री खरीद गर्नु पर्नेछ ।सामग्रीहरु आगोले सजिलै नजल्ने किसिमको हुनु आवश्यक छ । वन डढेलो नियन्त्रणका लागि प्रयोग गर्नुपर्ने विशेष किसिमका औजार तथा सामग्रीहरू खरिद गर्ने।

**कार्यान्वयन विधि**

अग्नि नियन्त्रक दस्ता/टोली (Firefighting team) ले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामग्री खरिद प्रचलित ऐन नियम अनुसार गर्ने।

यसको लागि तपशिलबमोजिमका औजारहरु खरिद गरिनेछः

| सि.नं. | सामानको नाम | सि.नं. | सामानको नाम |
|---|---|---|---|
| १ | Swatter(स्वाटर) | १० | Helmet (हेल्मेट) |
| २ | Jet Shooter(जेट सुटर) | ११ | Boot (जुत्ता) |
| ३ | Shovel(बेल्चा) | १२ | Torch (टर्च) |
| ४ | Rake(दाँती) | १३ | Socks (बाक्लो मोजा) |
| ५ | Rake-hoe(दाँती हलो) | १४ | Water Bottle (पानीको बोत्तल) |
| ६ | Axe-hoe(बन्चरो) | १५ | Face Mask (अनुहार मास्क) |



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

| | | | |
|---|---|---|---|
| ७ | First-aid Kit (प्राथमिक उपचार) | १६ | Water tank (पानी टैंक) |
| ८ | Jump-suit (जम्प शुट) | १७ | अन्य आवश्यक स्थानीय सामाग्री |
| ९ | Gloves (बाक्लो पंजा) | | |

पुनश्चः यो बाहेक मोटर जाने स्थानमा मोटरमा पानी, पानीटंयाकी प्रयोग गर्नुपर्नेछ । पम्प र पाइपहरु पनि उपयोगमा ल्याउन सकिन्छ । तर यसको लागि स्रोतको उपलब्धता अनुसार डिभिजन वन कार्यालयले विशेष व्यवस्था गर्न सक्नेछ ।सम्भव भएसम्म नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तरका सामग्रीहरु भरपर्दो संस्था वा विक्रेताबाट र सो सम्भव नभएमा स्थानीयस्तरमा उपलब्ध गुणस्तरीय सामानहरु सार्वजनिक खरिद प्रकृया अवलम्बन गरी खरिद गर्नुपर्दछ । सामग्रीहरुको खरिद पश्चात नियमानुसार स्टोर दाखिला गर्नुपर्नेछ । आवश्यक पर्ने डढेलो नियन्त्रण सम्बन्धी सामग्रीहरु प्रदेश आर्थिक कार्यविधि ऐन,प्रदेश आर्थिक कार्यविधिनियमावली, सार्वजनिक खरिद ऐन , सार्वजनिक खरिद नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, स्वीकृतनर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालयहरुमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक औजारहरुको व्यवस्था भई वन डढेलोको उचित व्यवस्थापन हुने ।

६. Fire Fighting Tools Display Stand निर्माण र व्यवस्थापन

**कार्यान्वयन विधि**

यस शीर्षकमा विनियोजित रकम आगो तथा वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु व्यवस्थित तरिकाले राख्नको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली२०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृतनर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही Fire Fighting Tools Display Stand को निर्माण र व्यवस्थापन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान तयार तथा स्वीकृत गराई अमानतमा समेत गर्न गराउन सकिने छ ।

**अपेक्षित उपलब्धि**

३ स्थानमा नयाँ Fire Fighting Tools Display Stand को निर्माण र व्यवस्थापन हुने।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

७. वन्यजन्तुका लागि पानी स्रोत व्यवस्थापन

**कार्यान्वयन विधि**

सामुदायिक वनक्षेत्रमा वन्यजन्तुहरुलाई विचरण गर्न पानीको व्यवस्थापन गर्ने यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । साथै सुख्खा मौसममा वन डढेलो नियन्त्रण गर्ने र Ground water recharge तथा सिंचाइमा समेत सहयोग पुग्ने भएकोले यो कार्यक्रम आवश्यक रहेको छ। पानीको स्रोत भएको स्थानमा वन उपभोक्ताहरुसंग समन्वय गरी यो कार्यक्रम सञ्चालन गरिनेछ। पोखरी निर्माण कार्य सकेसम्म उपभोक्ताहरुबाट manually गरिनेछ। आवश्यक भएमा मात्र मेशिनरी औजारप्रयोग गरिनेछ। सब डिभिजन वन कार्यालयबाट स्थलगत रूपमा निरीक्षण गरी माग भएको समुहहरूसँग प्रस्ताव तथा लागत अनुमान माग गरि सहलगानि सुनिश्चित हुने तथा वन्यजन्तुको आवतजावत हुने स्थानहरूमा कार्यक्रम संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले सबडिभिजन वन कार्यालयहरु मार्फत सम्बन्धित सरोकारवाला तथा स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरेर यो कार्यक्रम संचालन गरिने छ ।

**अपेक्षित उपलब्धि**

वनक्षेत्रमा वनजन्तुको वासस्थान सुधारका लागि ३ वटा पोखरी निर्माण हुनेछ ।

८. सिमसार संरक्षण तथा व्यवस्थापन/पोखरी निर्माण तथा व्यवस्थापन

यस कार्यक्रमबाट सिमसारसंरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालनहुनेछ। यसका लागि पारिस्थितिकीय पद्वतिको लागि महत्वपूर्ण सिमसार तथा पोखरीलाई छनौट गरिनेछ । सिमसार संरक्षण तथा पर्यापर्यटन अभिवृद्वि हुने र रैथानै जैविक विविधता संरक्षणमा विशेष ध्यान दिनुपर्नेछ ।

**कार्यान्वयन विधि**

- स्थलछनौट, आधारभुत तथ्याङ्कसंकलन,
- वस्तुस्थितिकोविश्लेषण:अध्ययनअनुसन्धान, अन्तरकृया; सर्वे डिजाईन तथा ल.ई.,
- कार्यान्वयन चरण:कार्यालय मातहतका कर्मचारीबाट कार्यसञ्चालन
- कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा मा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।
- अनुगमन तथा मूल्याङ्कन

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन तथा समयसीमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालयसँगको सहकार्यमा डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट यस कार्य सम्पन्न हुनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न ८ स्थानमा वन्यजन्तुका लागिवन क्षेत्रमा पोखरीको निर्माण तथा स्तरोन्नती भई सिमसार संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ।

९. जडीबुटी तथा गैरकाष्ठ वन पैदावर प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन

**कार्यान्वयन विधि**

कोशी प्रदेश को फैलावट समथर तराइ देखि चुरे, मध्यपहाड हुदै हिमालसम्म रहेको छ। सानो भौगोलिक क्षेत्रमा रहेको फराकिलो उचाइको विविधताले गर्दा पाइने विभिन्न हावापानीमा ९०० भन्दा बढी प्रकारका जडीबुटीहरु पाइन्छन्। यस प्रदेशको ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु जिल्लामा हिमाली जडीबुटीहरु पाइन्छन र सो क्षेत्रबाट प्रसस्त्रै जडीबुटीहरु संकलन भइ निकासी हुने गरेको छ। यसका साथै पहाडी र तराइ क्षेत्रबाट पनि हर्रो बर्रो अमला तेजपात लगायतका जडीबुटीहरु संकलन भइ निकासी हुदै आएको छ। यी संकलन भएका जडीबुती तथा गैरकाष्ठ वन पैदावरहरुको प्रशोधनका लागि आवश्यक सामाग्री, प्याकिङ मेसिन लगायत सामाग्री खरिद तथा उपयोगका लागि यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ। सामाग्रि खरिद गरी वितरण गर्दा उक्त सामाग्रीको रेखदेख, मर्मतसम्भार तथा समूहगत उपयोगको प्रकृया समेत खुलाई सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनु पर्नेछ। कार्यक्रम कार्यान्वयन गर्दा जिल्ला स्थित फोकल टिमको बैठकबाट निर्णय गराई प्रस्तावको आधारमा कार्यान्वयन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम संचालन हुनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट जडिबुटी प्रशोधनको लागि सामाग्री व्यवस्था भई जडिबुटीको दिगो उपयोग तथा आयकमुलक गतिविधि संचालन हुनेछ।

१०. कर्मचारी दक्षता अभिवृद्धि तालिम

**कार्यान्वयन विधि**

कर्मचारीहरुका लागि दक्षता अभिवृद्धि गर्नका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, स्टेशनरी,तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । डिभिजन वन कार्यालयबाट संचालन हुने यस तालीममा वन कर्मचारीहरूको सहभागीता रहनेछ । यस कार्यक्रमबाट कर्म्चारीहरूको विभिन्न सिपको अभिवृद्धि गर्न सिप विकास तथा क्षमता विकासका कार्यक्रम पनि संचालन गर्न सकिनेछ । कर्मचारीहरूको माग अनुसार कार्यालयले उचित कार्यक्रम तयार गरी बढी भन्दा बढी कर्मचारीहरूको क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, दैनिक हाजिरी रेकर्ड तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले विषय विज्ञ तथा सेवाप्रदायकवाट समेत यो तालीम संचालन गर्न सक्नेछ भने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सँगको समन्वयमा सेवाप्रदायक तथा विषय विज्ञवाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेशण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने । दिगो वन व्यवस्थापन लागु गर्ने जिल्लहरूमा वन सम्वर्द्धनमा आधारित दिगो वन व्इवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि पनि गर्न सकिनेछ ।

## ११. वृक्षारोपण वर्ष कार्यक्रम

**कार्यान्वयन विधि**

नेपाल सरकारले वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि हरेक वर्ष असार १४ देखि साउन १५ सम्मको अवधिलाई एक महिने "**सगरमाथा वृक्षारोपण महाअभियान**" तथा राष्ट्रिय वृक्षारोपण दिवसको रूपमा



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

मनाउने निर्णय गरेको छ। यो सँगै हरेक वर्ष वृक्षारोपणको समय शुरू हुनासाथ यो अभियानका रूपमा कार्यक्रम संचालन गर्न तथा हरियाली प्रवर्द्धनमा सबै सरोकारवालहरूलाई जागरूक बनाउन र वृक्षारोपण कार्यलाई बढावा दिन यो क्रियाकलापमा बजेट विनियोजन गरिएको छ । वृक्षारोपणको उपादेयता, महत्व तथा वृक्षारोपण गर्ने विधिहरुको बारेमा सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले पोष्टर, पम्प्लेट, फ्लेक्स लगायतका डिजिटल वा छापा माध्यमबाट समेत प्रचारप्रसार सामाग्री उत्पादन गर्ने प्रयोजनका लागि यस शिर्षकमा विनियोजित बजेट खर्च गरिनेछ।

**प्रमुख उद्देश्यहरू**

- कार्बन उत्सर्जन घटाउने,
- हिमाल र जैविक विविधताको संरक्षण गर्ने,
- राष्ट्रिय पर्वको रूपमा जनसहभागिता जुटाउने,
- खाली तथा बन्जर जमिनमा हरियाली ल्याउने,
- आय वृद्धि बढाउने,
- पहिरो, कटान रोक्ने ।

**जनशक्ति व्यवस्थापन**

यस वृक्षारोपण वर्ष कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवंम् सरोकारवालाहरूको टोल विकास संस्था, संघ/संस्था/ नागरिक समाजको सहयोगमा संचालन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धि**

राष्ट्रिय वन एवं खालि वन क्षेत्र, सार्वजनिक पर्ति जग्गा एवंम् नदी उकासबाट प्राप्त जग्गाहरुमा वृक्षारोपण गर्ने अभियानको रूपमा कार्यक्रम संचालन भई जनचेतना अभिवृद्धि तथा हरियाली प्रवर्द्धनमा टेवा पुग्ने/ राष्ट्रिय आयमा वृद्धि हुनेछ ।

१२. निजी वनसम्बन्धी प्रचारप्रसार कार्यक्रम

**कार्यान्वयन विधि**

निजी वन विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राख्नुको साथै केहि वर्ष यता कृषकहरु वन बालीमा आकर्षित हुदै गएको पाईन्छ। निजी वन प्रति आकर्षित गर्न किसानहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ। त्यसैले यस कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा वन विकास गर्न विभिन्न क्रियाकलापमा सहुलियत दिईएकोछ । त्यसैले यस



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कार्यक्रम अन्तर्गत यस्ता वनहरुको दर्ता गर्ने विशेष कार्यक्रम रहेकोछ । अतः निजी वन सम्बन्धी विभिन्न कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन एवं जिल्लामा जानकारी दिन तथा चेतना अभिवृद्धि गर्नको लागि स्वीकृतनर्म्स तथा जिल्ला दररेटकोआधार लिईलागतइस्टिमेटस्वीकृत गरी सोहि बमोजिम यस शिर्षकमा विनियोजित रकमखर्चगरिनेछसाथै यस कार्यक्रम अन्तर्गत जिल्लामा स्थानीय मानिसहरुले बुझ्ने भाषामा स्थानीयले वोल्ने मातृभाषामा समेत पोष्टर, पर्चा, ब्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गर्न सकिनेछ। यसमा उपयुक्त चेतनामूलक र जानकारीमूलक सामग्री तयार गरी स्थानीय एफ.एम.बाट समेत प्रचारप्रसार गर्न सकिनेछ । साथै यस क्रियाकलाप अन्तर्गत सेवा खरिद गरी निजी वन सम्बन्धी वृतचित्र समेत निर्माण गर्न सकिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा माइकिङ्ग तथा प्रवचन आदि समेतमा खर्च गर्न सकिनेछ। डिजिटल माध्यमवाट प्रचार-प्रसार, सफल नीजि वनको वृतचित्र निर्माण गरी प्रचार-प्रसार, विद्यालय मार्फत प्रचार-प्रसार गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालाय तथा मन्त्रालाय अन्तर्गतका निकायहरुबाट यो कार्यक्रम संचालन गरिने छ ।

**अपेक्षित उपलब्धि**

निजी वनको प्रचार प्रसार भई निजी वनको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने ।

खाली जग्गामा वृक्षारोपण भई हरियाली प्रवर्द्धन हुनुका साथै निजी वन सम्वन्धी महत्वको विकास हुनेछ ।

१३. ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन

**कार्यान्वयन विधि**

हावाहुरी वा अन्य कारणले ढलेका रुखहरुलाई तत्कालै संकलन तथा घाटगद्दी गर्नुपर्ने हुन्छ। रुखहरु अकस्मात ढली सडक/बाटो अवरुद्ध हुने, धनजनको क्षति हुने अवस्था आएमा जुनसुकै महिना/समयमै संकलन गर्न सकिने छ।संकलित काठदाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागी, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ। ढलापडाको अवस्था, छपानदेखि कटान-मुछान घाटगद्दीको अवस्थासम्म निरन्तर अनुगमनको प्रवन्ध डिभिजन वन कार्यालयले मिलाउनुपर्नेछ र समय समयमा मन्त्रालय/निर्देशनालयमा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ। यो शिर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान,कटानमुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट वमोजिम खर्च गर्नुपर्ने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

ढलापडा काठदाउरा संकलन भई काठ दाउराको आपूर्तिमा सहजता हुने ।

१४. डिजिटल डिस्प्ले बोर्ड खरिद र जडान

**कार्यान्वयन विधि**

कार्यालयबाट प्रदान हुने सेवा तथा अन्य जानकारी सहितको डिस्प्ले बोर्ड राख्नका लागि कार्यालयको संस्थागत सुदृढीकरण गरी कार्यसम्पादनमा प्रभावकारिता र सेवा प्रदानको गुणस्तरमा वृद्धि गर्नुकालागि यो बजेट खर्च गरिनेछ । कार्यक्रम संचालन गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधिनियमावली२०७५ कृतनर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अबलम्वन गरिनेछ।

**अपेक्षित उपलब्धि**

कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहमा सहयोग पुगेको हुनेछ ।

१५. Earth Auger खरिद तथा वितरण

**कार्यान्वयन विधि**

कृषि, वन व्यवस्थापन, वृक्षारोपण तथा अन्य आवश्यक कार्यमा माटो खन्ने श्रम, समय र लागत घटाई कार्यलाई प्रभावकारी बनाउन Earth Auger उपकरण खरिद तथा लक्षित लाभग्राही/समूहलाई सहयोग पुग्ने गरी डिभिजन वन कार्यालयहरूमा वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमको मुख्य उद्देश्य माटो खन्ने कार्यलाई छिटो, सरल र प्रभावकारी बनाउने, श्रम तथा लागत घटाउने,वृक्षरोपण, फलफूल खेती, बाँस/काठजन्य बिरुवा रोपण लगायतका कार्यमा प्रविधिको प्रयोग बढाउने, आधुनिक कृषि तथा वन प्रविधिमा पहुँच विस्तार गर्ने, उपकरणको सामूहिक तथा दिगो उपयोग सुनिश्चित गर्ने रहेको छ। प्रचलित ऐन, नियम बमोजिम खरिद प्रक्रिया अबलम्बन गरीनेछ।

**जनशक्ति व्यवस्थापन**

प्रदेश वन निर्देशनालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालयहरूमा प्रविधिको उपलब्धता भई वृक्षारोपण कार्य छिटो, छरितो र सहज भएको हुनेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

१६. कवुलियती वन समुह मार्फत आयमुलक विरूवा उत्पादन तथा नर्सरी व्यवस्थापन

राष्ट्रिय वनको हैसियत बिग्रिएको क्षेत्रहरुमा हरियाली प्रवर्द्धन तथा वनको विकास गर्दै गरिबीको रेखामुनि रहेका स्थानिय वन उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले विगतदेखि कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। कवुलियती वनको विकास र प्रवर्द्धनद्वारा वनको हैसियतमा सूधार ल्याउँदै उपभोक्ताहरुका वन पैदावार लगायतका अन्य आवश्यकताहरु समेत आपूर्ति गर्न सकिन्छ। विगतमा हस्तान्तरण भएका कतिपय कवुलियती वन समूहहरु हाल निष्क्रिय अवस्थामा रहेका छन्।

**कार्यान्वयन विधिः** कवुलियती वन उपभोक्ताहरुलाई जीविकोपार्जन सूधार तथा आयआर्जनका क्रियाकलापहरु संचालन गरी सक्रिय बनाउने उद्देश्यले कवुलियती वनसमूह मार्फत आयमुलक विरुवा उत्पादन तथा नर्सरी व्यवस्थापनगरि खाली तथा झाडीदार क्षेत्र एवं उपभोक्ताहरुको आवादी जगामा विभिन्न जडिबुटी, गैरकाष्ठ वन पैदावार तथा फलफुलको खेती विस्तार प्रवर्द्धनका क्रियाकलापहरुमा खर्च गर्न सकिने छ।/रुखजन्य , जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको विरुवा उत्पादन गर्न तथा उक्त नर्सरी व्यवस्थापनमा समेत यस शीर्षकको रकम खर्च गर्न गराउन सकिने छ। गत विगतमा कार्यान्वयन भएका क्षेत्रहरूको अनुगमन तथा पृक्षठपोषणलाई ध्यानमा राखि नयाँ तथा यस अघि कार्यक्रम नभएका क्षेत्रहरूलृइ प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ। निष्क्रिय भएका समुहहरूको क्षमता विकास तथा ससशक्तिकरणमा टेवा पुग्ने कार्यक्रम संचालन गरिनेछ।

यस कार्यक्रम कवुलियती वन समूहको निर्णय तथा सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोग र सिफारिसको आधारमा कवुलियती वन समूहको कम्तीमा १० प्रतिशत लागत साझेदारी हुने गरी डिभिजन वन कार्यालयसँगको सम्झौता बमोजिम संचालन गरिने छ।

**जनशक्ति व्यवस्थापनः**

डिभिजन वन कार्यालय तथा मातहतका कर्मचारीहरु, वन प्राविधिक सहायक, समूह सहयोगीहरु।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रमबाट कवुलियती वन समूहहरु वन व्यवस्थापनमा सक्रिय भई वनको हैसियतमा सूधार हुनेछ साथै कवुलियती वन समूह मार्फत उन्नत जातको विरुवा उत्पादन भई गरिबीको रेखामुनि रहेका उपभोक्ताहरुको आयआर्जनमा समेत वृद्धि भएको हुनेछ।

१७अगरउड . / चन्दन खेति विस्तार

**कार्यान्वयन विधि**

अगरउड र चन्दन दुबै आर्थिक रुपले लाभदायी बहुउपयोगी रुख प्रजाति हुन्। सुगन्धित तथा- उपयोगी किसिमको रासायनिक गुण भएका यस प्राजतीहरूको औषधिजन्य तथा धार्मिक कार्यमा स्वदेश तथा विदेशमा



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

उच्च माग भएको हुँदा यसको व्यवसायीकरण गर्न सकिएमा राष्ट्रिय अर्थतन्त्र तथा स्थानीय रोजगारीमा उल्लेखनीय टेवा पुऱ्याउन सकिनेछ ।कार्यकम कार्यान्वयनका लागि जिल्ला भित्रको सरकारी सार्वजनिक तथा निजी मध्येको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी GP.S सहितको नक्साङ्कन गर्नु पर्नेछ।अगरउडचन्दन खेती / विस्तारका लागि व्यावसायिक योजना तयार गरी सम्बन्धितडिभिजन बन कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत अगरउड चन्दनको विरुवा उत्पादन, खरिद, खेती विस्तार, बृक्षारोपण, वृक्षारोपण संरक्षण, अगरउड़ इनाकुलेशन लगायतका क्रियाकलापमा गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय तथा सबडिभिजन वन कार्यालयका कर्मचारीहरू-

**अपेक्षित उपलब्धि**

विभिन्न स्थानमा अगरउड तथा चन्द्रनको खेती विस्तार भई स्थानीयस्तरमा रोजगारीको अवसरहरू सृजना हुने । गरिबरको रेखामुनि रहेका घरधुरी (सम्पन्नता स्तरिकरणको) आधारमा कार्यक्रम संचालन गरी थप रोजगारी श्रृजना गरिनेछ ।

१८ ..अरुण उद्यान निर्माण अरुण ३ भोजपुर

उद्यानले मानव,सँस्कृति र वातावरण बिचको बिचको सन्तुलन कायम गर्न मद्दत पुऱ्याउछ। यो कार्यक्रमले बहुधार्मिक/आध्यात्मिक पर्यटन प्रवर्द्धन गर्ने, हरियाली अभिवृद्धि गर्ने, खुलास्थानको उपलब्धता सुनिश्चित गराउने तथा जैविक विविधताको संरक्षण हुने लक्ष्य लिइएको छ। यस्ता स्थानहरू दैनिक जीवनमा Recreational space को रुपमा समेत उपयोग गर्न सकिन्छ । यसै सन्दर्भमा उद्यान विकास तथा व्यवस्थापन गरी हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण र प्रदूषणन्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिएकोले यो कार्यक्रम तर्जुमा गरिएको हो। उद्यान निर्माणका लागि प्राविधिक कर्मचारीको सहयोगमा निर्माण योजना खाका(Garden Design), Specification, Rate analysis र Estimate तयार गरी निर्माणको काम गरिनेछ । यसको लागि स्थानीय तह र सरोकारवाला निकायहरूसँग समन्वय एवं सहकार्य गरी उपभोक्ता समिति मार्फत आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न सकिनेछ । यस उद्यानको निर्माण पश्चात सौन्दर्यपरक पर्यापर्यटन तथा बहुधार्मिक/आध्यात्मिक पर्यटनको विकास भई पर्यटन प्रवर्द्धन विकास हुनेछ ।यस कार्यक्रम अन्तरगत देहायका कार्यक्रमहरू संचालन गर्न सकिनेछः

I. Civil works

II. Sanitary works

III. Electrical works

IV. Plantation works

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

V. Landscaping works

यो कार्यक्रम सञ्चालन गर्दा हरित संरचनालाई समेत प्राथमिकता दिई क्रियाकलाप सञ्चालन गरिनेछ।

**जनशक्ति व्यवस्थापनः**

डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।सम्बन्धित स्थानीयतहका प्राविधिक कर्मचारीको सहयोगमा निर्माण कार्य संचालन गर्न सकिनेछ।

**अपेक्षितउपलब्धः**

अरुण उद्यानको निर्माण भई बहुधार्मिक/आध्यात्मिक पर्यटन, हरियाली प्रवर्द्धन तथा पर्यापर्यटन प्रवर्धनमा सहयोगपुग्नेछ।

१९कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम .

**कार्यान्वयन विधि**

जिल्ला स्थित विभिन्न कवुलियती वन समुह, संजाल लगायतको क्षमता अभिबृधि गर्न तथा वन विकासको कार्य गर्न यस शिर्षकको बजेट खर्च गरीनेछ । निष्क्रिय समुहहरूलाई सक्रिय बनाउन,समुहको नियमित बैठक, छलफल तथा अन्तक्रिया कार्यमा बढावा दिन यो क्रियाकलापले सहयोग पुग्नेछ । यस शिर्षकबाट विभिन्न क्षमता अभिवृधि गर्ने तालीम संचालन, जग्गा विकास तालिम तथा कार्यक्रम, वन विकासको क्रियाकलाप संचालन, जिविकोपार्जन सुधार योजना कार्यान्वयन लगायतका विविध क्रियाकलापमा खर्च गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगति प्रतिवेदन कार्यक्रमको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा विविध प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयले यो कार्यक्रम संचालन गर्नेछ ।

**अपेक्षित उपलब्धि**

कवुलियती वन समुहमा जिविकोपार्जन, विकास तथा समुहका पदाधिकारी तथा सदस्यहरूको क्षमतामा अभिवृद्धि भईक.व.स.को व्यवस्थापनमा सहयोग पुग्ने ।

२० मिचाहाप्रजाति सम्बन्धि अध्ययन (नक्साङ्कन समेत)

**कार्यान्वयन विधि**

डिभिजन वन कार्यालयले आवश्यकताअनुसार स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन व्यवस्थापन समूह, तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नेछ। कार्यक्रम



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

सञ्चालन क्षेत्रभित्र रहेका मिचाहा वनस्पति प्रजातिहरूको पहिचान, सूचीकरण गर्ने। स्थलगत सर्वेक्षण, जीपीएस (GPS), जीआईएस (GIS), रिमोट सेन्सिङ तथा अन्य उपयुक्त प्रविधिको प्रयोग गरी मिचाहा प्रजातिको फैलावट तथा प्रभावित क्षेत्रको अध्ययन गर्ने। मिचाहा प्रजातिको प्रजातिगत विवरण, फैलावटको अवस्था, प्रभाव, जोखिम तथा नियन्त्रणको आवश्यकता सम्बन्धी तथ्याङ्क संकलन र विश्लेषण गर्ने। अध्ययनको आधारमा मिचाहा प्रजातिको वितरण नक्सा (Distribution Map) तथा जोखिम नक्सा (Risk Map) तयार गर्ने।आवश्यकताअनुसार नियन्त्रण, व्यवस्थापन तथा उन्मूलनका लागि कार्ययोजना तथा प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने।अध्ययन प्रतिवेदन, नक्सा तथा डाटाबेस तयार गरी सम्बन्धित निकायमा अभिलेखीकरण गर्ने।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय तथा सबडिभिजन वन कार्यालयका कर्मचारीहरू-को सहभागिता तथा सेवा प्रदायक मार्फत पनि यो कार्यक्रम संचालन गर्न सकिनेछ

**अपेक्षित उपलब्धि**

कार्यक्रम क्षेत्रमा रहेका मिचाहा प्रजातिको यथार्थ अवस्था तथा वितरणको अभिलेख तयार हुनेछ।मिचाहा प्रजातिको प्रभावित क्षेत्रको वैज्ञानिक नक्साङ्कन सम्पन्न हुनेछमिचाहा प्रजाति व्यवस्थापन तथा नियन्त्रणका लागि प्राथमिकतायुक्त क्षेत्र पहिचान हुनेछ।वन व्यवस्थापन योजना तथा संरक्षण कार्यक्रम तर्जुमा गर्न आवश्यक तथ्याङ्क, नक्सा उपलब्ध हुनेछ। मिचाहा प्रजातिको नियन्त्रण तथा जैविक विविधता संरक्षणका लागि वैज्ञानिक आधार तयार भई प्रभावकारी व्यवस्थापनमा सहयोग पुग्नेछ।

२१ . मानव वन्यजन्तु द्वन्द समस्याचुनौती र समाधान विषयक प्रदेशस्तरिय सम्मेलन

कोशी प्रदेशमा घना वन, संरक्षित क्षेत्र, नदी प्रणालीको सघन सञ्जाल तथा मानव बस्तीको तीव्र विस्तारका कारण मानव–वन्यजन्तु द्वन्द्वका घटना बढ्दै गएका छन् । यस्ता घटनाबाट बालीनाली तथा पशुधनमा क्षति, मानव सुरक्षामा जोखिम र ग्रामीण जीविकोपार्जन तथा सामाजिक मनोविज्ञानमा नकारात्मक असर पर्ने गरेको छ । त्यसैले द्वन्द्वसम्बन्धी भ्रम र यथार्थबारे स्थानीय समुदायमा वातावरणीय तथा प्राविधिक सचेतना र क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

यस समस्याको प्रभावकारी न्यूनीकरणका लागि संरक्षणकर्मी, स्थानीय समुदाय, सरकारी निकाय, सञ्चारकर्मी, प्राविधिक तथा अनुसन्धानकर्ताबीच बहुपक्षीय प्राविधिक र सामाजिक छलफल, समन्वय तथा सहकार्य आवश्यक छ । यस्तो पहलले मानव सुरक्षा र जीविकोपार्जनको संरक्षणसँगै वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षणमा सहयोग पुऱ्याई मानव र वन्यजन्तुबीच सुरक्षित तथा सन्तुलित सहअस्तित्व कायम गर्न महत्वपूर्ण योगदान दिनेछ ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापनः**

प्रदेश निर्देशनालयको नेतृत्वमा वन निर्देशनालय धरानका कर्मचारीहरु सहित आवश्यकता अनुसार विभिन्न डिभिजन वन कार्यालयका जनशक्ति परिचालन गरी यो कार्यक्रम सञ्चालन हुनेछ । यसकार्यक्रममा सम्बन्धित विषयका अनुभवी विज्ञहरु, लब्धप्रतिष्ठित कविहरु, प्रभावितक्षेत्रका जनता तथा जनप्रतिनिधिहरु, विद्यालयका विद्यार्थीहरु तथा संस्कृतिकर्मीहरु,उपभोक्ता समुह, प्रभावित क्षेत्रका जनप्रतिनिधि, वातावरण विज्ञ एवं जैविक विविधताका क्षेत्रमा निरन्तर कलम चलाउने व्यक्तित्वहरू वन सम्वन्धी काम गर्ने गैर सरकारी संस्थाहरु, वन उपभोक्ता समूह, सुरक्षा कर्मी/ नेपाल प्रहरी समेतको सहभागीता, पत्रकार, संचारकर्मीको सहभागिता हुनेछ ।

**अपेक्षित उपलब्धिः**

- मानववन्यजन्तु द्वन्द्वका जोखिम क्षेत्र पहिचान, स्थानीय तथ्याङ्क सङ्कलन तथा स्थानीय ज्ञानको दस्तावेजीकरण गर्ने क्षमतामा विकास हुने तथा मानव वन्यजन्तु द्वन्द्वविषयमा रहेका भ्रम र यथार्थलाई जनसमक्ष पुर्याउने सहज हुने ।
- स्थानीय समुदायको सहभागितामा द्वन्द्व न्यूनीकरणका व्यावहारिक उपाय पहिचान गरी प्रभावकारी न्यूनीकरण योजना तयार गर्ने आधार निर्माण हुने ।
- वन्यजन्तुबाट उत्पन्न जोखिमका बेला प्रभावकारी प्रतिक्रियाका लागि आवश्यक ज्ञान, व्यावहारिक प्रविधि तथा स्थानीय द्रुत प्रतिक्रिया संयन्त्र विकासमा सहयोग पुग्ने ।
- तथ्यमा आधारित निर्णय प्रक्रियाको बुझाइ अभिवृद्धि भई सम्बन्धित निकाय, समुदाय र अनुसन्धानकर्ताबीच सहकार्य तथा थप अध्ययन अनुसन्धानको सम्भावना विस्तार हुने ।
- सञ्चारकर्मीलाई सत्य, यथार्थ, सन्तुलित र भरपर्दो सूचना सम्प्रेषण गर्न प्रेरित गर्दै सर्वसाधारणलाई समयमै सही सूचना प्राप्त गर्ने वातावरण सिर्जना हुने ।
- वन, वातावरण, वन्यजन्तु संरक्षण र जनसुरक्षासँग सम्बन्धित अन्य कार्यक्रमहरु सफल पार्न यो कार्यक्रम उपयोगी सिद्ध हुनेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

२२. जडिबुटी सम्बन्धि क्षमता अभिबृद्धि तालिम

**कार्यान्वयन विधि**

कोशी प्रदेशमा जडिबुटी तथा सुगन्धित वनस्पतिको उत्पादन, संकलन, प्रशोधन र बजारीकरणबाट किसान तथा संकलकको आयआर्जन बढाउने ठूलो सम्भावना रहेको छ। तर जडिबुटीको सही पहिचान, दिगो संकलन, व्यावसायिक उत्पादन, प्राथमिक प्रशोधन, गुणस्तर कायम, भण्डारण तथा बजार व्यवस्थापनसम्बन्धी ज्ञान र सीपको कमीका कारण अपेक्षित लाभ लिन कठिन भइरहेको छ।यसै सन्दर्भमा किसान तथा जडिबुटी संकलकहरूको प्राविधिक तथा उद्यमशील क्षमता अभिवृद्धि गरी जडिबुटीलाई व्यवस्थित र दिगो व्यवसायका रूपमा विकास गर्ने उद्देश्यले यो क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।जडीबुटी उत्पादक/व्यवसायीहरुलाई जडीबुटी खेती विस्तार र संरक्षण, मुल्य श्रृखला तथा अभिवृद्धि, बजार आदी सम्बन्धी अभिमुखीकरण तालिम/Demo अवलोकन आदी ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन, सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र विषयविज्ञहरुबाटयो कार्यक्रम संचालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

क्षमता अभिवृद्धि कार्यक्रमबाट जडिबुटी उत्पादनकर्ता, संकलकहरूको क्षमता अभिवृद्धि भई दिगो संकलन सम्बन्धि क्रियाकलापहरूको विकास हुनेछ ।

२३ रुद्राक्षको बजार तथा व्यवसायिकरण प्रवर्द्धन

बिशेषतः संखुवासभाको तुम्लिङटार, भोजपुरको दिङला लगायतका क्षेत्रहरु रुद्राक्षको व्यापारिक केन्द्रको रुपमा परिचित छन्। यी क्षेत्रहरुमा रुद्राक्षको काँचो दाना प्रशोधन गरि माला तथा हस्तकलाका सामाग्रीहरु उत्पादन गरी ब्रान्डिङ गरि विक्री वितरण तथा व्यापार हुदै आईरहेको छ। रुद्राक्ष दानाको देशको राजधानी लगायतका मूख्य मूख्य शहरहरुमा मात्र नभई भारत र चीन लगायतका छिमेकी मुलुकहरुमा समेत हुदै आएको छ। संखुवासभाबाट बर्षेनि १० लाख के.जी. भन्दा धेरै परिमाणमा रुद्राक्ष निकासी हुने गरेको छ। तसर्थ संखुवासभा तथा दिङला क्षेत्रलाई रुद्राक्षको धार्मिक तथा आध्यात्मिक पर्यटन गन्तव्यको रुपमा विकास गर्दै समग्र कोशी प्रदेशलाई "रुद्राक्ष पर्यटन गन्तव्य" को रुपमा प्रवर्द्धन गर्ने र रुद्राक्षको व्यापारलाई अझ ब्यापक तथा विस्तार गर्दै स्थानीय स्तरमा रोजगारी वृद्धि गर्ने अभिप्रायले यो कार्यक्रमको प्रस्ताव गरिएको हो।

**कार्यान्वयन विधि**

यस कार्यक्रममा विनियोजित बजेट रुद्राक्ष काँचो दानाबाट प्रशोधित सामाग्री तयारी गर्ने, ब्रान्डिङ गर्ने, प्रशोधन तथा बान्ड्रिङ गर्ने मेशिनरी औजार खरिद गर्ने कार्यका अतिरिक्त सिपमूलक तालिम र प्रचारप्रसार क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ। त्यसैगरि रुद्राक्षको प्रचारप्रसार गरी यसको बजार तथा व्यवसायिकरण



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

प्रवर्द्धनका लागि स्थानीय रुद्राक्ष व्यवसायी संघ सँग समन्वय गरी आध्यात्मिक/धार्मिक/व्यापारिक मेला जस्ता रुद्राक्षको पहिचान हुने प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्नमा समेत खर्च गर्न सकिनेछ।

रुद्राक्ष व्यवसायी संघले कार्यक्रम संचालन गर्नु अघि खर्चको साझेदारी खुल्ने गरी विस्तृत लागत अनुमान सहितको प्रस्तावना, संघको निर्णय र सम्बन्धित स्थानीय तहको सक्कल सिफारिससाथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।उक्त रकम प्रचार प्रसारका लागि आवश्यक पर्ने प्रचार सामाग्रीहरु, कार्यक्रमका अतिथि, पाहुनाहरुलाई खाना, बास, खानेपानी, खाजा, यातायात खर्च, ढुवानी खर्च, मायाको चिनो, अतिथि तथा आयोजकहरुको नियमानुसारको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च स्टल व्यवस्थापन आदिमा गर्न सकिनेछ। व्यवसायी संघले पेश गरेको प्रस्तावना, लागत अनुमान र सम्बन्धितस्थानीय तहको सिफारिसका आधारमा लागत साझेदारीको हिस्सा समेत हेरी सम्झौता गराई रुद्राक्ष खेती विस्तार, सहुलियत कार्यक्रम, अनुदान कार्यक्रम समेत सञ्चालनको कार्यादेश दिनुपर्नेछ ।

कार्यक्रम सम्पन्न भए पश्चात फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन, खर्चको सक्कल विल भर्पाई र खर्च भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सक्कल सिफारिस लगायतको कागजात संलग्न गरी सम्झौता बमोजिमको रकम भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ । प्राप्त कागजातको जाँचबुझ गरी नियमानुसार सम्झौता बमोजिमको रकम भुक्तानी गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय तह, रुद्राक्ष व्यवसायी संघ लगायतका सरोकारवालाहरुको सहयोग समेत लिई डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ। सकिनेछ।

**अपेक्षित उपलब्धी**

रुद्राक्षको देश तथा विदेशमा प्रचारप्रसार भई आन्तरिक तथा वाह्य धार्मिक पर्यटनमा वृद्धि भई पर्यटन गन्तव्यको रुपमा विकास हुनेछ।

रुद्राक्ष खेती किसानहरुको आयआर्जन सुधार हुनेछ ।

२४ सफाई .सम्बन्धी  संघ संस्थालाई सफाई सामाग्री वितरण

**कार्यान्वयन विधि**

स्वच्छ, सफा तथा स्वस्थ वातावरण निर्माण गर्न स्थानीय समुदाय, टोल विकास संस्था, क्लब, गैरसरकारी संस्था, सामाजिक संस्था तथा अन्य सफाईसम्बन्धी संघसंस्थाको महत्वपूर्ण भूमिका रहन्छ। यस्ता संस्थाहरूले सञ्चालन गर्ने नियमित सरसफाई अभियानलाई थप प्रभावकारी, व्यवस्थित तथा दिगो बनाउन आवश्यक फोहोर व्यवस्थापन सामग्रीको उपलब्धता सुनिश्चित गर्नु आवश्यक हुन्छ।यसै उद्देश्यले प्रमूख पर्यटकीय क्षेत्र/ पर्यटकहरुको चाप भएको क्षेत्र सफाईसम्बन्धी संघसंस्थालाई आवश्यकता र कार्यक्षेत्रका आधारमा फोहोर



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

व्यवस्थापन सामग्री उपलब्ध गराई नियमित सरसफाई, फोहोर संकलन, वर्गीकरण तथा व्यवस्थापनमा सहयोग पुऱ्याउन यो कार्यक्रम विनियोजन गरिएको छ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मातहतका निकायडिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयहरूबाट यो , कार्यक्रम कार्यान्वयन गरिनेछ

**अपेक्षित उपलब्धि**

प्रमूख पर्यटकीय क्षेत्र/ पर्यटकहरुको चाप भएको महत्वपूर्ण स्थान, सार्वजनिक स्थान, सडक, बजार, नदीखोला / किनार तथा अन्य क्षेत्रमा हुने फोहोर व्यवस्थापनमा सहयोग पुग्ने। स्थानीय समुदायमा सरसफाई तथा वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि हुने।सफाई अभियानमा सरकारी निकाय र समुदायबीच सहकार्य तथा साझेदारी बढाउने र उपलब्ध सामग्रीको उचित तथा दीर्घकालीन उपयोग सुनिश्चित हुनेछ।

२५.वन्यजन्तु .Handling (सर्प तथा अन्य समस्याग्रस्त वन्यजन्तुसम्बन्धी तालिम)

**कार्यान्वयन विधि**

मानव बस्ती, कृषि क्षेत्र, सडक तथा अन्य सार्वजनिक स्थानमा वन्यजन्तु प्रवेश गर्ने तथा मानव र वन्यजन्तुबीच द्वन्द्व हुने अवस्था बढ्दै गएको छ। विशेषगरी सर्प तथा अन्य समस्याग्रस्त वन्यजन्तुको उद्धार, सुरक्षित स्थानान्तरण तथा व्यवस्थापनका क्रममा उचित ज्ञान, सीप र सुरक्षा सावधानीको अभावमा मानिस तथा वन्यजन्तु दुवै जोखिममा पर्न सक्छन्।वन कर्मचारी/स्थानीय तहहरूमा कार्यरत नगरप्रहरीसुरक्षाकर्मी ,हरू वन्यजन्तु उद्धार तथा मानववन्यजन्तु द्वन्द्व व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न हुनुपर्ने भएकाले उनीहरूलाई – वन्यजन्तुको पहिचान, व्यवहार, जोखिम मूल्याङ्कन, सुरक्षित Handling, उद्धार तथा व्यवस्थापनसम्बन्धी आधारभूत व्यावहारिक ज्ञान र सीप प्रदान गर्न आवश्यक हुन्छ।तालिमलाई सहभागीमुखी तथा व्यावहारिक बनाइनेछ जसमा प्रस्तुति ,फोटो ,भिडियो प्रदर्शन/समूह छलफल ,केस स्टडी ,प्रश्नोत्तर ,उपकरण Demonstration ,सुरक्षित Simulation ,घटनामा आधारित अभ्यास ,Pre-test/Post-test ,व्यावहारिक मूल्याङ्कन हुनेछ।

**जनशक्ति व्यवस्थापन**

कर्मचारीहरूबाट अनुभवि विज्ञ तथा अन्य सेवा प्रदायक तथा विज्ञहरूको सहयोग लिई कार्यक्रम संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

वन कर्मचारी, स्थानिय तहमा कार्यरत नगर प्रहरीहरूमामा सर्प पहिचानसम्बन्धी ज्ञान वृद्धि ,विषालु तथा गैरविषालु सर्प पहिचानमा आधारभूत क्षमता विकास ,वन्यजन्तुको व्यवहार र जोखिमबारे ज्ञान ,उद्धारपूर्व



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

जोखिम मूल्याङ्कन गर्ने क्षमता विकास ,सुरक्षित Handling तथा उद्धारसम्बन्धी आधारभूत सीप विकास हुनेछ।

२६जनशक्ति व्य/उपकरण/औजार/वन्यजन्तु उद्दार तथा वन अपराध नियन्त्रणका लागि औसधि .

**कार्यान्वयन विधि**

संरक्षण तथा उद्धार टोली परिचालनको लागि झापा, मोरङ, सुनसरी र उदयपुर लगायतका संवेदनशील तथा हात्ती प्रभावित क्षेत्रहरूमा भेटनरी डाक्टरसहितको "सशस्त्र वन रक्षक (स.व.र.) तथा उद्धार टोली" गठन गरी २४ सै घण्टा तयारी अवस्थामा राखिने गरी व्यवस्थापन गर्नुपर्नेछ। दूत प्रतिकार्य तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन घाइते, हिंस्रक वा भौंतारिएका वन्यजन्तुको नियन्त्रण तथा उद्धारका लागि ट्र्याङ्कुलाइजर (Tranquilizer) गन, एनेस्थेसिया (औषधि), नेट, पिंजडा (Cage) तथा एम्बुलेन्स वा उपयुक्त सवारी साधन प्रयोग गरी उद्धार गरिनेछ। साथै वन अपराध नियन्त्रण तर्फ अवैध कटान, काठ/वन्यजन्तु तस्करी तथा अतिक्रमण नियन्त्रणका लागि सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना) र स्थानीय सामुदायिक वन उपभोक्ता समूहहरूसँग समन्वय गरी संयुक्त गस्ती तथा निगरानी सञ्चालन गरिनेछ। वन्यजन्तुबाट क्षति भएको लाथि प्राथमिक उपचार र राहतका लागि उद्धार गरिएका वन्यजन्तुको उपचार तथा वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बमोजिम छिटो-छरितो राहत उपलब्ध गराइनेछ।

आवश्यक औषधि, औजार तथा उपकरणहरू खरिद र व्यवस्थापन

- औषधि तथा स्वास्थ्य सामग्री: ट्र्याङ्कुलाइजिङ ड्रग्स, एनेस्थेटिक औषधि, एन्टिबायोटिक्स, व्याण्डेज, First-aid Kit (प्राथमिक उपचार सामग्री) आदी
- उद्धार औजार तथा उपकरण: ट्र्याङ्कुलाइजर गन, डाट, सेफ्टी नेट, स्टेचर, वन्यजन्तु ओसारपसार गर्ने पिंजडा, डोरी, टर्च लाइट, र Water Tank आदी
- व्यक्तिगत सुरक्षा सामग्री (PPE): Jump-suit (जम्प सुट), Boot (जुत्ता), बाक्लो पञ्जा (Gloves), Helmet (हेल्मेट), र Face Mask आदी

**जनशक्ति व्यवस्थापन**

- टोली संरचना: भेटनरी डाक्टर (१ जना), वन प्राविधिक/गेम स्काउट (३-५ जना), सशस्त्र वन रक्षक/सुरक्षाकर्मी (५-१० जना), र सवारी चालक।
- स्थानीय सहभागिता: सब-डिभिजन वन कार्यालय, स्थानीय तह र RRT (Rapid Response Team), सामुदायिक वन उपभोक्ता समूहका स्वयंसेवक परिचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

- घाइते तथा हिंस्रक वन्यजन्तुको समयमै उद्धार र उपचार भई मानव-वन्यजन्तु द्वन्द्वमा कमी आउनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- अवैध वन अपराध र तस्करीमा नियन्त्रण भई जैविक विविधताको संरक्षण हुनेछ।

२७ . जडिबुटी उत्पादक, संकलक तथा व्यापारी वीच अन्तरक्रिया गोष्ठी

**कार्यान्वयन विधि**

जडिबुटीको दिगो व्यवस्थापनमा टेवा पुऱ्याउनका लागि जडिबुटी उत्पादक, संकलक र व्यापारीबीच राम्रो सम्वन्ध, समझदारी विकास गर्न तथा विद्यमान समस्याको समाधान तथा योजना निर्माणका लागि कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि सयुक्त अन्तरक्रिया गोष्ठी संचालन गर्नु पर्नेछ । यस प्रदेशमा पाइने विभिन्न किसिमका जडिबुटीहरुको प्रजाति, बजारको अवस्था साथै जडिबुटी उत्पादक कृषक सहकारी संस्था , संकलक र ब्यापारी बीच समन्वयात्मक भुमिकाको वारेमा समेत यस गोष्ठी जानकारी गराइने छ। यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालीम सामाग्री, सेसन फि, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, संचार, प्रतिवेदन लेखन लगायतमा खर्च गरिनेछ। कार्यक्रम सम्पन्न भएपछि गोष्ठी संचालन मिति स्थान, छलफलका विषय, सहभागीको नामावली भएको निर्णय, उपलब्धि तथा पृष्ठपोषण र भए गरेको खर्च विल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नु पर्नेछ । कार्यक्रम संचालनमा डिभिजन/सव-डिभिजन वन कार्यालयका कर्मचारी वा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई यस अन्तरक्रिया गोष्ठी संचालन गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन, सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र विषयविज्ञहरुबाटयो कार्यक्रम संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

अन्तरक्रिया गोष्ठीसंचालन भई जडिबुटी उत्पादक कृषक, सहकारी संस्था तथा जडिवुटी सम्वन्धी काम गर्ने संघ संस्था, संकलक र ब्यापारी बीचको समन्वय र सहकार्य मार्फत जडिबुटीको दिगो उत्पादनमा सहयोग पुग्ने।

जडिबुटी उत्पादक सहकारी संस्था, कृषकहरुको दिगो आत्मनिर्भरमा सहयोग पुग्ने।

२८ रुख तथा महत्वपूर्णजडीबुटीहरुको विरुवा रोपण सम्बन्धी तालिम र निजी वनको प्रवर्द्धन

**कार्यान्वयन विधि**

निजी वनको प्रवर्द्धनका लागि गुणस्तरीय बिरुवा उत्पादन तथा रोपण, प्रजाति छनोट, जग्गा तयारी, रोपण प्रविधि, गोडमेल, सिँचाइ, रोग तथा कीरा व्यवस्थापन, संरक्षण तथा उत्पादनपछिको व्यवस्थापनसम्बन्धी व्यवहारिक ज्ञान आवश्यक हुन्छ।यसै सन्दर्भमा किसान तथा निजी वन प्रवर्द्धनमा संलग्न सरोकारवालालाई रुख तथा महत्वपूर्ण जडीबुटीको बिरुवा रोपणसम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नुका साथै निजी वन विस्तार तथा व्यवस्थापनलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रममा बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम कार्यान्वयन



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

गर्दा आवश्यकता पहिचान,लाभग्राही छनोट ,अभिमुखीकरण तथा तालिम, प्रजाति छनोट ,बिरुवा उपलब्ध गराउने ,जग्गा तयारी तथा रोपण, संरक्षण तथा व्यवस्थापन ,अभिलेख तथा प्रतिवेदन तयारीमा खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय तह एवं सरोकारवालाहरू जडिबुटी उत्पादक कृषक, जडिबुटी उत्पादक सहकारी संस्था तथा जडिवुटी सम्वन्धी काम गर्ने संघ संस्थाको सहयोग र सहकार्यमा संचालन गर्ने छन् ।

**अपेक्षित उपलब्धि**

किसानको रुख तथा जडीबुटी खेतीसम्बन्धी ज्ञान र सीप वृद्धि ,निजी जग्गामा रुख तथा महत्वपूर्ण जडीबुटीको खेती विस्तार ,निजी वनको क्षेत्रफल वृद्धि ,वातावरण तथा जैविक विविधता संरक्षणमा योगदान पुग्नुका साथै आयआर्जन तथा रोजगारीका अवसर बढ्नेछन्।

२९. वन अध्ययन अनुसन्धान कार्यक्रमहरुको कार्यान्वयन प्रकृया :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आफ्नो कार्यक्षेत्र अन्तर्गत विभिन्न अध्ययन अनुसन्धानका कार्यक्रमहरु संचालन गर्दा देहाय अनुसार गर्नुपर्नेछ ।

(क) केन्द्रमा पर्याप्त जनशक्ति वा विषयविज्ञको उपलव्धता नभएको अवस्थामा वा कुनै विषयमा थप विषयविज्ञको आवश्यकता भएको अवस्थामा प्रचलित कानुन अनुसार परामर्श सेवा खरिद गरी संचालन गर्न सक्नेछ ।

(ख) अध्ययन अनुसन्धान कार्यअनुसन्धान प्लट स्थापना कार्य लगायतका कार्य संचालन गर्नुपूर्व सम्पादन , गर्नुपर्ने कामको अवधारणापत्र र कार्यसूची(Concept paper & TOR) सहितको प्रस्ताव तथा प्रचलित नर्म्स र स्विकृत जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार गरी निर्देशकबाट स्विकृत गराई अध्ययन अनुसन्धान कार्य संचालन गर्नुपर्नेछ ।

(ग) अध्ययन अनुसन्धानका लागि विनियोजित रकम अनुसन्धानका लागि आवश्यक पर्ने सामग्री खरिद , अनुसन्धान कार ,यातायात खर्च ,फिल्डमा खटिने कर्मचारीहरुका लागि दैनिक भत्ता्यका लागि भौतिक सामग्री खरिदकार्यालयका सवारी साधनका ,स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा , लागि इन्धन लगायतका शीर्षकमा स्विकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

(घ) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीले मात्र अध्ययन अनुसन्धान गर्न सम्भव नभएको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रकृयाहरु अवलम्वन गरी परामर्श सेवाबाट कार्यक्रम संचालन गर्नुपर्नेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(ङ) वन अध्ययन अनुसन्धान वन सर्वेक्षण ,सम्बन्धीकार्यक्रम आयोजनागत रुपमा संचालन गर्न सकिनेछ । यसका लागि वन अनुसन्धान तथा प्रशिक्षाण केन्द्रले कर्मचारी व्यवस्थापनका लागि समन्वय गर्न सक्नेछ । यसमा कर्मचारीलाई नियमानुसार दिन मिल्ने दैनिक भ्रमण भत्ता उपलव्ध गराई अध्ययन अनुसन्धानमा संलग्न गराउन सकिनेछ ।

३०. तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन प्रकृया :

**कार्यान्वयन विधि**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गर्दा देहाय अनुसार संचालन गर्नुपर्नेछ ।

(क) तालिम संचालन गर्नुपूर्व सम्बन्धिततालिमको अवधारणा सहितको प्रस्ताव र तालिमका विषयवस्तु सहितको पूर्व सेसन प्लान तयार गरी निर्देशकबाट स्विकृत गराउनु पर्नेछ ।

(ख) प्रचलित नर्म्स अनुसार लागत अनुमान (Estimate) तयार गरी निर्देशकबाट स्विकृत गराई तालिम संचालन गरिनेछ ।

(ग) सेवाकालिन तालिमको अवधि ३० कार्य दिनको रहनेछ भने बाँकी अन्य तालिमहरुको अवधि (तीस) साधारणतया तीन देखि सात दिनसम्मको हुनेछ । यसका अतिरिक्तअन्तर्कृयाअभिमुखीकरण कार्यक्रम , तथा कुनै खास विषयका प्रशिक्षण कार्यक्रमहरु भने एक दिने वा दुई दिने अवधिका समेत हुन सक्नेछन् । कुनै पनि तालिम सार्वजनिक बिदाको दिनमा पनि निरन्तर रुपमा संचालन गर्न सकिनेछ र सबै किसिमको तालिमका सहभागीहरुलाई प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। तालिमको लागि सहभागी छनौट हुँदा आवश्यक परेमा वन वातावरणसंग सरोकार राख्ने अन्य निकायको व्यक्ति/कर्मचारीहरुलाई सहभागी गराउन सकिनेछ।

(घ) तालिमका सहभागि छनौटमनोनयनमा प्रदेश भित्रका दुर्गम क्षेत्रमा खटिने कर्मचारीलाई पहिलो / प्राथमिकता दिई महिला सहभागिता समेत प्राथमिकता दिनुपर्नेछ । प्रदेश वन मन्त्रालयवन , तथा जलाधार व्यवस्थापन -भु ,डिभिजन वन कार्यालय ,वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र ,निर्देशनालय कार्यालयका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनसम्बन्धितकार्यालयलाई आग्रह गरी सहभागी माग गरिनेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(ङ) तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद ,तालिमका सहभागीहरुको दैनिक भत्ता , तालिमका लागि आवश्यक भौतिक सामग्री खरिद तथा ,खाजा खर्च ,प्रशिक्षण शुल्क ,यातायात खर्च ,तालिम व्यवस्थापन समूह भत्ता ,भाडामा लिई व्यवस्थापन गर्ने खर्च तथा वस्तुगत सहयोग सामग्री खर्च संयोजक तथा सहयोगी भत्ताकार्यालयका ,स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा , ,टेलिफोन तथा प्रमाणपत्र खर्च ,ब्यानर प्रतिवेदन लेखन र ह्याण्स आउट ,सवारी साधनका लागि इन्धन उदघाटन तथा समापन लगायतका शीर्षकमा स्विकृत लागत इष्टिमेट बमेजिम खर्च गर्न सकिनेछ। ,मसलन्द

(च) तालिम कार्यक्रम सकेसम्म कार्यालयको आफ्नै तालिम हलमा संचालन गर्नुपर्नेछ । कार्यालय बाहेक अन्यत्र तालिम संचालन गर्नुपर्ने अवस्था आएमा मितव्ययी हिसाबले सकेसम्म सरकारी वा सार्वजनिक निकायको हल प्रयोग गर्नुपर्नेछ र सो अवस्थामा तालिम हल भाडा वापतको रकम लागत स्टिमेट समावेश गरी ल .. ई स्वीकृत गराई खर्च गर्न सकिनेछ।

(छ) तालिमका सहभागीहरुलाई प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता"सम्बन्धी "निर्देशिका २०७९अनुसार सहभागि भत्ता उपलब्ध गराइनेछ । जिल्ला बाहिरका सहभागी भएमा भ्रमण खर्च नियमावलीअनुसार दैनि (संशोधन सहित) २०६४ ,क भ्रमण भत्ता समेत उपलब्ध गराउन सकिनेछ। सम्बन्धितकार्यालयबाट नै दैनिक भ्रमण भत्ता लिएकोमा वा लिने भएमा यस केन्द्रबाट सहभागी भत्ता वा दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छैन।

(ज) तालिम कार्यक्रमका सहभागीहरु व्यवस्थापन समूहका कर्मचारीहरु तथा अन्य ,प्रशिक्षक,सहयोगीहरुका लागि कोशी प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता"सम्बन्धी "निर्देशिका २०७९ अनुसार खाजा तथा खाना खर्चको व्यवस्था गर्न सकिनेछ।

(झ) तालिमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि केन्द्रका प्रमुखको संयोजकत्वमा सम्बन्धिततालिमका संयोजक ,सह संयोजक समेतको सहभागिता हुने गरी ५-७सदस्यीय तालिम व्यवस्थापन समिति रहनेछ। तालिम व्यवस्थापन समितिमा रहने कर्मचारी तथा व्यवस्थापन सहयोगी समेतलाई नियमानुसार प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता" सरकारकोसम्बन्धी "२०७९-निर्देशिका अनुसार सहभागी भत्ता वा भ्रमण खर्च नियमावलीअनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउन (संशोधन सहित) २०६४ , सकिनेछ।

(ञ) गोष्ठी गर्दा उपलब्ध भएसम्म कार्यालयको आफ्नै तालिम ,भौतिक रुपमा उपस्थित भई तालिम सभाहल नै प्रयोग गर्नुपर्नेछ । फिल्डस्तरमा संचालन गर्नुपर्ने/हल तालिमहरुका लागि वा निश्चित भूगोल समेटेर तालिम गर्नुपर्ने अवस्था भएमा वा पहाडी क्षेत्रको फिल्डस्तरमा संचालन गर्नुपर्ने तालिमहरुको हकमा



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

सम्बन्धितक्षेत्रको सरकारीसार्वजनिक सभाहल वा तालिम हल वा वैठक कक्ष प्रयोगमा प्राथमिकता दिनु / पर्नेछ । तालिम हलमा जेनेरेटर वा इन्भटर मल्टिमेडिया लगायतका अन्य अत्यावश्यक ,वस्तुतथा सेवाहरु उपलव्ध नभएमा भाडामा लिई व्यवस्था गर्न सकिनेछ । तालिम अवधिभर तालिम हलमा तालिमका सामग्री तथा उपकरणहरु राख्न नसकिने भई स्टोर रुम आवश्यक भएमा सोको समेत व्यवस्था गर्न सकिनेछ । यसका साथै इन्टरनेटआवश्यक पर्ने तालिमहरुमा इन्टरनेट सुविधा समेत थप लिन सकिनेछ ।

(ट) तालिम कार्यक्रममा प्रशिक्षकको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकका अतिरिक्तसम्बन्धितविषयवस्तुका विज्ञहरुबाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ । यसरी प्रशिक्षक व्यवस्था गर्दा वन सेवाकावनक्षेत्रका विज्ञहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।/

(ठ) तालिम तथा अनुसन्धानका कार्यक्रमलाई प्रभावकारी ढंगले संचालनका लागि आवश्यक सल्लाह सुझाव तालिम तथा प्रशिक्षण कार्यलाई अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न तथा तालिमको पाठ्य ,प्रदान गर्नक्रम या विषयवस्तु वा तालिम मोड्युल स्वीकृत गर्न एक निर्देशन समिति गठन हुनेछ । सो समिति निम्न अनुसारको रहनेछ :

क) प्रदेश वन निर्देशक-अध्यक्ष

ख) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक -सदस्य

ग) मन्त्रालयका अधिकृतस्तरका प्रतिनिधि- सदस्य

घ) वन विज्ञान विषयमा अध्ययन गराउने विश्वविद्यालयका प्रतिनिधि-सदस्य

ङ) अनुसन्धान केन्द्रका तालिम तथा योजना शाखा प्रमुख- सदस्य सचिव

उक्त कमिटीको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

(ड) (३० कार्य दिने)सेवाकालिन तालिमसंचालन गर्दा तालिम मोड्युल निर्माण गरी पर्यटन, वन ,,तथा वातावरण मन्त्रालय कोशी प्रदेशबाट स्वीकृत गराई सोही मोड्युल अनुसारका विषयवस्तुहरु (पाठ्यक्रम) अनुसारको सेसन प्लान तयार गरी तालिम संचालन गरी तालिमको अन्त्यमा तालिमका सहभागीहरुको मूल्याङ्कन गरी प्रमाण पत्र प्रदान गरिनेछ । सो सेवाकालिन तालिमसम्बन्धी आवश्यक छलफल तथा बैठक तथा मूल्याङ्नका लागि निम्नानुसारको मूल्याङ्कन समिति गठन गरिनेछ ।

(क) पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रदेश सचिव वा निजले तोकेको अधिकृत (नवौ तह वा दशौ तह) -अध्यक्ष

(ख) प्रदेश वन निर्देशक- सदस्य



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(ग) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक -सदस्य

(घ) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका अधिकृत कर्मचारी -सदस्य

(ङ) मन्त्रालयका अधिकृतस्तरका प्रतिनिधि- सदस्य

(च) प्रदेश लोक सेवाका आयोगका प्रतिनिधि-सदस्य

(छ) तालिम संयोजक - सदस्य सचिव

उल्लेखित स्टेरिङ कमिटि तथा मूल्याङ्कन समितिका सदस्यहरुलाई कार्यालय समय बाहेक छलफल तथा वैठक गर्नु परेको अवस्थामा प्रति सदस्य प्रति छलफलसार्वजनिक खर्चको " वैठक कोशी प्रदेश सरकारको/ मापदण्ड र मितव्ययितासम्बन्धी "निर्देशिका २०७९ अनुसार भत्ता तथा खाजा खर्च उपलब्ध गराउन सकिनेछ ।

(ढ) हरेकतालिम कार्यक्रम सम्पन्न भएपछि तालिमको प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । सो प्रतिवेदनमा निम्न बुँदाहरुमा समावेश गर्नु पर्नेछ :

- स्वीकृत लागत स्टिमेट,
- स्वीकृत विषयवस्तु सहितको सत्र योजना (सेसन प्लान),
- तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ,
- तालिमका सहभागीहरुको उपस्थितिको विवरण,
- तालिमको विस्तृत प्रतिवेदन,
- तालिम कार्यक्रम संचालनका तस्विरहरु ।

(ण) तालिम संचालन तथा व्यवस्थापनका कार्यहरु तथा वन अनुसन्धानका कार्यहरुमा कुनै कठिनाइ वा बाधा अड्चन आएमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी उल्लेखित स्टेरिङ कमिटिले आवश्यक निर्णय गरी कार्य संचालन गर्न गराउन सक्नेछ ।/

३१. इन्टर्नसिप कार्यक्रम कार्यान्वयन प्रकृया :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वन व्यवस्थापन स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिप कार्यक्रम संचालन तथा कार्यान्वयन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(क)वन व्यवस्थापन विषयमा स्नातक चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई यस कार्यक्रमा सहभागी गराइनेछ । यसरी विद्यार्थी सहभागी गराउँदा कोशी प्रदेश भित्रका वन विज्ञान विषय अध्यापन गराउने अध्ययन संस्थानहरुलाई/कलेजपहिलो प्राथमिकता दिइनेछ भने प्रदेश बाहिरका कलेजअध्ययन संस्थानहरुलाई / समेत समावेश गर्न भने सकिनेछ ।

(ख) अवधि कति ,मासिक पारिश्रमिक के कति दिने ,कलेजबाट के कति संख्यामा इन्टर्नहरु माग गर्ने हुनेमन्त्रालय तथा मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा के कसरी खटाउने लगायतका विषयहरु इन्टर्नसिप " कार्यक्रम संचालनसम्बन्धी "कार्यविधी २०८१ को अधिनमा रही इन्टर्नसिप कार्यक्रम सहजीकरण समितिको निर्णय बमोजिम गर्नुपर्नेछ ।

(ग) इन्टर्नको संख्या निर्धारण पश्चातसम्बन्धितकजेलले निर्धारित संख्यामा विद्यार्थीहरु सिफारिस सहित प्रशिक्षण केन्द्रमा पठाउनुपर्ने र केन्द्रले आवश्यकता अनुसार मन्त्रालय र मन्त्रालय अन्तगर्गतका कार्यालयहरुमा खटाइ सोको जानकारी मन्त्रालय र सम्बन्धितकलेजहरुलाई दिनुपर्नेछ ।

(घ) इन्टर्नमा खटिएका विद्यार्थीहरुले खटिएको कार्यालयका प्रमुखको सामान्य निर्देशन तथा सुपरिवेक्षणमा रही सोही कार्यालयले तोकिदिएको सुपरीवेक्षकको प्रमुख सुपरीवेक्षणमा रही कार्य सम्पादन गर्नु इन्टर्न विद्यार्थीहरुको दायित्व हुनेछ ।

(ङ) प्रत्येक इन्टर्न विद्यार्थीले मासिक रुपमा हाजिरी र प्रगति सुपरीवेक्षक वा कार्यालय प्रमुखबाट प्रमाणित गराई केन्द्रमा पठाएपछि केन्द्रले तोकिए बमोजिम पारिश्रमिक वा सुविधा सम्बन्धितइन्टर्नको वैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ ।

(च) प्रत्येक इन्टर्न विद्यार्थीले इन्टर्न अवधिभरको अध्ययनको प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ भने विद्यार्थीले कलेजमा बुझाउनु पर्ने शोधपत्र अध्ययन प्रतिवेदनको १ प्रति वन अनुसन्धान (हार्ड वाइन्डिङ सहितको) तथा प्रशिक्षण केन्द्रमा बुझाउनुपर्नेछ ।

(छ) खाना तथा खाजा खर्च ,आतेजाते यातायात खर्च ,फिल्ड भ्रमण खर्च ,इन्टर्नहरुले पाउने विदाको सुविधा लगायतका सेवा सुविधा उक्त इन्टर्नसिप कार्यविधीबमोजिम हुनेछ । कार्यविधीले नसमेटेका विषयहरु लगायत कार्यक्रम संचालनकार्यान्वयनमा आइपर्ने विविध समस्याहरुको समाधान सोही गठित प कार्यक्रम / सहजीकरण समितिको निर्णय बमोजिम गर्नुपर्नेछ ।

## ३२. प्राकृतिक स्रोत व्यवस्थापनमा अनुसन्धान सहयोग

यस प्रदेशको भौगोलिक विविधताका कारणले पाईने विविध प्रकारको हावापानीले गर्दा वन, वनस्पति, जैविक विविधता, वन्यजन्तुमा धनी रहेको छ। यी प्राकृतिक स्रोतहरुको बुद्दिमतापूर्ण उपयोगको लागि अध्ययन अनुसन्धानको जरुरी पर्दछ। मन्त्रालयको कार्यक्षेत्रानुसार पर्यटन, वन, वातावरण, वनस्पति, वन्यजन्तु, मानव-वन्यजन्तु द्वन्द, वनस्पतिको परम्परागत प्रयोग लगायत विषयमा गरिने अध्ययन अनुसन्धानमा यस प्रदेशमा वन विज्ञान, वातावरण विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुलाई शोधवृति प्रदान



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

गरी अनुसन्धानमूलक कार्यलाई प्रवर्द्धन गर्न यो कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रममा वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्नातकोत्तर तह वा विद्यावरिधी तहमा अध्ययनरत विद्यार्थीलाई वितरण गरिनेछ ।

**कार्यविधीः**

- शोधपत्र प्रस्ताव आव्हान सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने तथा कार्यालयको वेभसाइटमा राखे ।
- आवश्यकता अनुसार वन, वनस्पति, वन्यजन्तु र वातावरण विषयमा स्नातकोत्तर र विद्यावारिधी तह अध्यापन हुने क्याम्पसहरुसँग समन्वय गर्ने ।
- शोधवृति वितरण कार्यका लागि गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन मापदण्ड तयारी तथा स्वीकृत गर्ने।
- मापदण्ड बनाउदा शोध प्रस्तावको विधा, प्रपोजल फर्मेटिङ, आवश्यकता अनुसारको उद्देश्य, विद्यार्थीको अघिल्लो परिक्षाको नतिजा र प्रस्तुतीकरणका आधारमा अंक विभाजन गरी तयार गरिनेछ ।
- मूल्याङ्कन समितिमा रहेको आमन्त्रित सदस्यको रुपमा विभिन्न क्याम्पसबाट प्राध्यापक र विषयविज्ञहरु आमन्त्रण गर्नुपर्ने ।
- तोकिएको समयावधिमा प्राप्त भएका शोध प्रस्तावहरुको आवश्यक कागजात जाँचबुझ गरी मूल्याङ्कन मापदण्ड बमोजिम योग्यता पुगेका विद्यार्थीहरुलाई प्रस्ताव प्रस्तुतीकरण गराउने।
- प्रस्तावको छनौट गरी स्वीकृत गर्ने।
- शोधवृतिका लागि छनौट भएका प्रस्तावहरुमा विषयविज्ञताका आधारमा योग्यता पुगेका १/१ जना कर्मचारीलाई सह-सुपरिवेक्षकको रुपमा अनिवार्य रुपमा राखुपर्ने । कर्मचारीले सह-सुपरिवेक्षकको रुपमा खटिनका लागि कम्तिमा स्नातकोत्तर तह उपाधी हासिल गरेको हुनुपर्ने।
- प्रस्ताव मूल्यांकन गरी छनौट समितिबाट सिफारिस भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको सम्झौता गरी शोधवृति २ किस्तामा रकम उपलब्ध गराउने।
- स्वीकृत रकममध्ये पहिलो किस्ता सम्झौता भए पश्चात ४० प्रतिशत र दोस्रो किस्ता शोधपत्रको फाइनल प्रति बुझाएपछि बाँकी ६० प्रतिशत रकम नियमानुसार भरपाइ गरी भुक्तानी दिने।
- विद्यार्थीले शोधपत्रको हार्डबाइन्डिङ १ प्रति कार्यालयमा बुझाउनुपर्नेछ ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा अन्य निकायका जनशक्तिको सहकार्यमा यो कार्यक्रम संचालन हुनेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

यो कार्यक्रमबाट प्रदेशमा वन, वनस्पति, वातावरण, वन्यजन्तु विषयमा अध्ययन अनुसन्धान हुनेछ । यस विषयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन हुनेछ ।

३३.एफ. एन. ए .को संस्थागत सहयोग

**कार्यान्वयन विधि**

वन प्राविधिक संघकोशी प्रदेशस्तरीय समितिको संस्थागत सुदृढीकरण तथा व्यवस्थापनका लागि कार्यक्रमको , कार्यान्वयन गर्दा देहाय अनुसार/विनियोजत बजेटबाट खर्च गरिनेछ। कार्यक्रम संचालन सम्बन्धितसंस्थासँग संस्थाको सुदृढीकरणका लागि गर्नुपर्ने कार्यहरुको विवरण सहितको प्रस्ताव माग गरी सोका आधारमा सम्झौता गरी विनियोजित बजेट खर्च गरिनेछ ।

संस्थाले प्रस्तावनासँगसम्बन्धित प्रस्ताव अनुमोदन गरेको संस्थाको आधिकारिक निर्णय अनिवार्य पेशगर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट कोशी प्रदेशको वन प्राविधिक संघको संस्थागत सुदृढीकरण तथा व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

३४. कानुन जैविक विविधता तथा वन सम्बन्धी पुस्तकालय व्यवस्थापन :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको उल्लेखित निर्देशन समितिस्टेरिङ कमिटीको निर्णय अनुसार केन्द्रको / पुस्तकालय स्थापना तथा व्यवस्थापन प्रयोजनका यस शीर्षकमा विनियोजित बजेट खर्च गरिनेछ।

**कार्यान्वयन विधि**

- सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही वन अनुसन्धान तथा प्रशिक्षणसँग सम्बन्धित ,(आदि क्षेत्रका ,कानुन ,जैविक विविधता ,वातावरण ,वन्यजन्तु ,वन) आवश्यक पुस्तकहरु पुस्तकालय व्यवस्थापनका आवश्यक कम्प्युटरसफटवेयर तथा सफट ,ल्यापटप/वेयर चलाउन आवश्यक उपकरणहरुफर्निचर लगायतमा खर्च गर्न सकिनेछ । ,डाटा व्याकअप/
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा संचालन गरिने यस कार्यक्रमको कार्यान्वयनका लागि यसै शीर्षकमा विनियोजित बजेटबाट पुस्तकालय व्यवस्थापनका लागि आवश्यक लाइब्रियन सेवा समेत खरिद गर्न सकिनेछ ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- ,स्रोतकेन्द्रमा वन/यस कार्यक्रमबाट वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय कानुन तथा प्राकृतिक स्रोत ,जैविक विविधता ,वन्यजन्तुवातावरणसम्बन्धितपुस्तकहरु सहितको पुस्तकालय स्रोतकेन्द्र संचालन तथा व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।

३५. लोपोन्मुख कछुवा संरक्षणका लागि अध्ययन तथा अनुसन्धान कार्यक्रम बेलबारी नगरपालिकाको समन्वयमा

**कार्यान्वयन विधि**

कोशी प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालयडिभिजन/ वन कार्यालय मोरङर बेलबारी नगरपालिका बीच लागत साझेदारी र समन्वयका लागि समझदारी पत्रMoU) तयार गरी कार्यान्वयन गरिनेछ।

कछुवा संरक्षण, जैविक विविधता तथा पारिस्थितिकी विज्ञहरूमार्फत अध्ययन तथा अनुसन्धानका लागि Terms of Reference (ToR) बनाई प्रस्ताव माग तथा स्वीकृत गरिनेछ।बेलबारी नगरपालिका क्षेत्रभित्रका सिमसार, तालतलैया तथा नदी प्रणालीमा पाइने लोपोन्मुख कछुवाका प्रजाति-, तिनको सङ्ख्या र बासस्थानको GIS नक्साङ्कन(Mapping) गरिनेछ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन र कोशी प्रदेश सरकारको स्वीकृत मार्गदर्शन र नर्म्स बमोजिम लागत अनुमान स्वीकृत गरी खर्च व्यवस्थापन गरिनेछ।

- **संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रमअन्तरगत निम्न कार्यहरु समेत गर्न सकिनेछ :**
    - कछुवा प्रजनन् तथा संरक्षण केन्द्र (Turtle Conservation Center/Hatchery) को सम्भाव्यता अध्ययन र स्थापना।
    - स्थानीय समुदाय, विद्यार्थी र सरोकारवालाहरूका लागि चेतनामूलक अभिमुखीकरण तथा कार्यशाला सञ्चालन।
    - अध्ययनको आधारमा 'कछुवा संरक्षण कार्ययोजना' (Turtle Conservation Action Plan) तयार गरी प्रकाशन गर्ने।

**जनशक्ति व्यवस्थापन**

- **अनुसन्धान टोली:**वन्यजन्तुकछुवा विशेषज्ञ/(Expert), जि) विज्ञ .एस.आइ.(GIS Specialist) र डिभिजन वन कार्यालय तथा बेलबारी नगरपालिकाका प्राविधिक प्रतिनिधिहरू।
- **स्थानीय टोली:**स्थानीय संरक्षणकर्मी, सामुदायिक वनका प्रतिनिधि तथा युवा स्वयंसेवकहरू परिचालन गरिनेछ।
- पर्यटनसँग काम गर्ने समूह, गैर सहकारी संस्थाहरु समेतको सहभागिता ( ECO- Tourism )



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

- बेलबारी क्षेत्रमा रहेका लोपोन्मुख कछुवाको प्रजातिगत अवस्था, सङ्ख्या र बासस्थानको स्पष्ट तथ्याङ्क प्राप्त हुनेछ।
- कछुवा संरक्षणसम्बन्धी दीर्घकालीन कार्ययोजना तयार भई स्थानीय समुदायको सहभागितामा बासस्थान संरक्षण हुनेछ।
- बेलबारी क्षेत्रमा प्रकृतिमा आधारित संरक्षण पर्यटन( Conservation Eco-Tourism) प्रवर्द्धनमा टेवा पुग्नेछ।

३६ मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि हात्ती मञ्च लगायतको संस्थागत सुदृढीकरण .

नेपालको पूर्वी क्षेत्रमा विशेषगरी झापाको बाहुनडाँगी तथा आसपासका क्षेत्रमा हात्तीको आवतजावत र मानव बस्ती, कृषि क्षेत्र तथा वन क्षेत्रमा मानवहात्ती द्वन्द्वका घटना हुने गरेका छन्। यस्तो द्वन्द्वबाट मानवीय क्षति–, घर तथा भौतिक संरचनामा क्षति, कृषि बालीको नोक्सानी तथा वन्यजन्तु संरक्षणमा चुनौती सिर्जना हुने गरेको छ।मानव हात्ती द्वन्द्व न्यूनीकरणका लागि सरकारी नि–कायको प्रयाससँगै स्थानीय तह, प्रशासन, सुरक्षाकर्मी, स्थानीय समुदाय, हात्ती संरक्षणमा सक्रिय संस्था) हात्ती मञ्च (, वन उपभोक्ता समूहतथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ।स्थानीय तहमा रहेका यस्ता संस्थालाई संस्थागत, प्राविधिक तथा व्यवस्थापकीय रूपमा सक्षम बनाई घटना सूचना तथा सञ्चार प्रणाली, समुदाय परिचालन, जनचेतना, जोखिम न्यूनीकरण, क्षति अभिलेखीकरण तथा सम्बन्धित निकायसँग समन्वयलाई प्रभावकारी बनाउन यो कार्यक्रमबाट संस्थागत सुदृढिकरणमा खर्च गरिनेछ जसका लागि संस्थागत प्रस्ताव प्रतिस्पर्धाको आधारमा माग गरि डिभिजन वन कार्यालयको समन्वयमा सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ ।

स्थानीय तहले आवश्यक देखेको र स्थानीय तहले स्वामित्व लिनु पर्यो ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र सम्बन्धित सस्थाको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

हात्ती खाने आहारा, बाँस जस्ता विरुवा हात्ती प्रभावित क्षेत्रमा रोपण गर्ने ।

**अपेक्षित उपलब्धि**

मानव वन्यजन्तु द्वन्द न्युकिकरण तथा संस्थागत सुदृढिकरणमा टेवा पुग्ने ।

कृषकको वाली नालीमा सुरक्षित हुने / हात्तिको र मानव वीच द्वन्दमा कमी आउने।

३७ (खुला चिडियाखाना) प्राणी उद्यान.,वन्यजन्तु उद्दार केन्द्र स्थापना गुरुयोजना तथा/संभाव्यता अध्ययन) DPR तयारी र कार्यान्वयन )

**कार्यान्वयन विधि**

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

प्रादेशिक प्राणी उद्यानखुला चिडियाखाना स्थापना कोशी प्रद्रेश स्थापना भएदेखि नै सरकारको उच्च / प्राथमिकताको कार्यक्रमको रुपमा रही उद्यान स्थापनाको लागि आवश्यक संभाव्यता अध्ययन समेत सम्पन्न भईसकेको छ। आर्थिक वर्ष २०८३/०८४ मा प्राणी उद्यानको स्थापनाको लागि रु दुई करोड विनियोजन भएको छ। उद्यान स्थापनाको लागि आवश्यक प्रस्तावना वातावरणीय अध्ययन तथा ,गुरुयोजना ,व्यवसायिक योजना , DPR तयारी र सोको कार्यान्वयनको लागि यो बजेट खर्च गर्न सकिने छ। यसरी कार्यक्रम कार्यान्वयन गर्दा आवश्यकता र औचित्यका आधारमा प्रचलित ऐनकार्यविधिको अधिनमा रहि एकमुष्ट ,मार्गदर्शन ,नियमावली , वा अलग अलग प्रयोजनको लागि अलग अलग सुचनातयारी तथा प्रकाशनका कार्यहरु गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम पर्यटन वन तथा वातावरण मन्त्रालयले ,आवश्यकता अनुसार प्रदेश निर्देशनालय र विभिन्न डिभिजन वन कार्यालयको सहभागीता तथा सेवा प्रदायक मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ।

**अपेक्षित उपलब्धि**

यो कार्यक्रमले कोशी प्रदेश स्तरीय प्राणी उद्यानचिडियाखाना स्थाप/ना भई कोशी प्रदेश भित्र उद्दार भएका वन्यजन्तुहरुको उचित व्यवस्थापन तथा प्रकृतिमा आधारीत पर्यटन प्रवर्द्धनमा समेत उल्लेख्य योगदान दिनेछ।

३८. सडककिनार तथा सार्वजनिक जग्गामा OrnamentalPlants को वृक्षारोपण केज सहित / सडकखोला / सडक खण्ड हरियाली विकास (ट्रीगार्ड सहित) किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण (Road Green Belt Development)

सहरी क्षेत्रको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिका लागि विभिन्न प्रजातिका Ornamental Plantsवृक्षारोपण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। डिभिजन वन कार्यालयले ठाउँ सुहाउदो उपयुक्त बिरुवा छनौट गरी (Sapling)साईजका विरूवासडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण गर्नु पर्नेछ। स्थानीय तह तथा अन्य सरोकारवाला संघसंस्थाहरुको सहयोग र समन्वयमा यो कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुनेछ। साथै यस कार्यक्रम स्थानीय तहहरु सँगको स्रोत साझेदारिमा समेत सञ्चालन गर्न सकिने छ। वृक्षारोपणको लागि प्रचलित नर्म्स र सार्वजनिक खरिद सम्बन्धी ऐन, नियमावलीको अधीनमा रही डिभिजन वन कार्यालयले फलाम/बाँसको केज निर्माण तथा खरिद गरी रोपण गरिएको बिरुवाहरुको सुरक्षा गर्नुपर्नेछ। यस शिर्षकमा उपलव्ध बजेट फलाम/बाँसको केज निर्माणतथा खरिद, Ornamental Plants खरिद, वृक्षारोपण कार्य समेतको लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पश्चात निर्माणतथा खरिद भएको फलामे केजको विवरण, संख्या, स्थापना गरिएको स्थानको विवरण, वृक्षारोपण गरिएका बिरुवाहरुको विवरणको साथैकार्यक्रम संचालनका फोटो एवं विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

- नगरपालिका तथा शहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र, सडक किनार, नदी किनार लगायतका स्थानहरुमा कार्यक्रम कार्यान्वयन गर्न सकिने ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरुसँग छलफल गरी स्थान पहिचान गर्ने, सर्भेक्षण, लागत अनुमान तयारी, बिरुवा खरिद, वृक्षारोपण तथा संरक्षण ।
- हरियाली प्रवर्द्धन कार्यक्रमका लागि निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, स्थानीय तहले तोकेको टोल सुधार संस्था र अन्य संघ संस्थाहरुको साझेदारीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति, अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिने छ । सम्बन्धित स्थानीय तह र वन कार्यालयको सह-लगानीमा यो कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।
- सम्बन्धित उपभोक्ता समूहसंग कार्यसम्पादन गर्न सम्झौता गर्नुपर्नेछ र संरक्षणको उचित व्यवस्था मिलाउनु पर्दछ ।
- प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने छ र कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि अन्तिम भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।
- यस कार्यक्रमको लागि बहुवर्षीय ठूला बिरुवा (Sapling) रोपणगर्नुपर्नेछ ।
- सम्बन्धित सरोकारवालाहरु तथा स्थानीय तहसंग छलफल गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसारका क्रियाकलापहरु प्रचलित नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, मापदण्डअनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।
- सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय रुपमा पाईने सामाग्रीबाट निर्मित वा फलामको Tree Guard द्वारा वृक्षारोपणको स्याहार संभार गर्न सकिनेछ ।
- कार्य सम्पन्न भएपछि होर्डिङ बोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि. पि. एस. कोअर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (सहरी वनको हकमा Tag समेत लगाई), कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु तयार गर्नुपर्नेछ र अभिलेख व्यवस्थित गरी सम्बन्धित कार्यालयले राख्नु पर्नेछ

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले स्थानीय तह एवं सरोकारवाला निकायहरुसँगको ( स्थानीय संरक्षण कर्मी तथा टोल विकास संस्थाहरुको प्रत्यक्ष सहभागीतामा सामूदायिक वन समिति र जिल्ला समन्वय समिति समेत) समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिने छ ।

**अपेक्षित उपलब्धि**

उक्त कार्यक्रम संचालनबाट विभिन्न स्थानमा सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन भई सडक खण्डको हरियाली विकास तथा प्रवर्धन भएको हुनेछ ।



**कार्यान्वयन विधि**

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६अनुसार कोशी प्रदेशमा पर्यटन(घ.९), वन तथा वातावरण मन्त्रालय, विराटनगरको प्रदेश सचिवज्यूको अध्यक्षतामा गठन भएको १७ सदस्य प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समितिको (Provincial Climate Change Coordination Committee) बैठकगोष्ठी /कार्यशाला/ संचालनका लागि आवश्यक बैठक भत्ता, दैनिक भम्रण भत्ता, खाना, खाजा, प्रचारप्रसारका सामाग्री छपाई जस्तै झोला, टोपी, टिसर्ट, हाल्फ ज्याकेट आदिमा खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यका लागि पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेका कर्मचारी परिचालित हुनेछ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट कोशी प्रदेशमा विभिन्न निकायहरूको संलग्नतामा जलवायू परिवर्तनको विषयलाई प्रदेशका नीति, योजना, कार्यक्रमहरूमा समावेश भएको हुनेछ।

४०. GEDSI कार्ययोजना कार्यान्वयन

**कार्यान्वयन विधि**

मन्त्रालयलबाट मिति  मा स्वीकृत लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्ययोजनामा उल्लेख भएका मन्त्रालय तथा मातहतका निकायकार्यालयले जारी/गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि रसरोकारवालाहरूलाई अभिमुखीकरणको संचालन  ,गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आरामगर्ने कक्ष र २ वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीका लागि शिशुस्याहारतथा स्तनपान गर्ने समय व्यवस्थापन ,नागरिक सहायता तथा सोधपुछकक्षको व्यवस्था लगायत अन्य उल्लेखित कार्यहरु यस कार्यक्रम अन्तर्गत गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी मन्त्रालयको लैफोकल व्यक्तिको हुनेछ भने  .स.सा.स. मन्त्रालयका अन्य कर्मचारीहरुको सहयोगी भूमिका रहनेछ।

**अपेक्षित उपलब्धि**

यो कार्यक्रमले मन्त्रालय र मातहतका निकायहरुलाई लैको विषयमा थप सचेत बनाई संवेदन .स.सा.स.शिल कार्यवातावरण निर्माण भएको हुनेछ। साथै वार्षिक रुपमा हुने अडिटमा मन्त्रालयको प्राप्ताङ्कमा गुणात्मक सुधार आएको हुनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

४१.वन सम्वर्धन प्रणालीमा आधारित दीगो वन व्यवस्थापन मार्फत काठदाउरा उत्पादन कार्यक्रम .

**कार्यान्वयन विधि**

यो कार्यक्रम प्रदेश सरकारबाट स्विकृत वन"सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि २०८२ " बमोजिम कार्यान्वियन गरिनेछ। वनको अवस्था अनुसार छनौट प्रणाली छत्र प्रणाली वा सरपट कटान प्रणाली मध्ये उपयुक्त प्रणाली अपनाई कार्ययोजना तयार, नवीकरण वा संशोधन गरेर लागू गरिनेछ।सामुदायिक तथा साझेदारी वनमा कार्यान्वयनको लागि स्वीकृत कार्ययोजना र थिनिङ्ग तथा कन्भर्जन योजना(Conversion Plan) अनुसार पुनरुत्पादन कटान(Regeneration Felling), थिनिङ(Thinning/Pruning), झाडी सफाइ)Bush Cutting) , सुधार कटान, ढलेका तथा बुढा रुख हटाउने र पुनरुत्पादन प्रवर्द्धनका कामहरू संचालनका लागि यस शिर्षकमा विनियोजत बजेट खर्च गर्न सकिनेछ ।साझेदारी वनको हकमा विनियोजित एकमुष्ट बजेटलाई डिभिजन वन कार्यालयले कार्ययोजना अनुसार विभाजन(Breakdown)गर्न सक्नेछ।सरकारद्वारा व्यवस्थित वनमा हावाहुरीले ढलेका, सुकेका, बेवारिसे तथा मुद्दाका सिलसिलामा बरामद भएका काठवन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका" दाउरा/, २०७३बमोजिम संकलन गरी " घाटगद्दीगर्न समेत यसमा विनियोजित बजेटको प्रयोग गर्न सकिनेछ।

**घाटगद्दी व्यवस्थापन:** काठको भण्डारण र सुरक्षाका लागि सेड निर्माण, बारकोड वा नम्बरिङ प्रणाली, सुरक्षित पहुँच मार्ग, र वातावरणीय बफर जोनको पालना गर्दै व्यवस्थित घाटगद्दी निर्माणव्यवस्थापनको लागि / समेत यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

**नापी र भुक्तानी प्रक्रिया:** स्वीकृत नर्म्स (Norms) अनुसार लागत इष्टिमेट स्वीकृत गरी कार्य सम्पन्न भएपछि जाँचपास फारम, नापी किताब (Measurement Book), र पूर्वपश्चात्का फोटोसहितको कार्यसम्पन्न / प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

**प्राविधिक तथा प्रशासनिक नेतृत्व:** सम्बन्धित डिभिजनल वन अधिकृत सबडिभिजनल-का वन अधिकृत र प्राविधिक कर्मचारी )सहायक वन अधिकृतहरूले कार्यक्रमको प्राविधिक निरुपण (वन रक्षक/वन सहायक/, रेखांकन, नापजाँच र सुपरिवेक्षण गर्नेछन्।

**वन हेरालु तथा घाटगद्दी चौकीदार:** साझेदारी तथा सामुदायिक वन क्षेत्रमा र सोको घाटगद्दीको सुरक्षा, अग्निरेखा रेखदेख र काठदाउरा सुरक्षाका लागि नियमानुसार वन हेरालु तथा चौकीदारहरू परिचालन गरि/नेछ ।

**प्राविधिक:दक्ष श्रम परिचालन/** कटान, मुठान, ढुवानी, लोड अनलोड तथा काठ वर्गीकरण-(Grading) का लागि आवश्यक दक्ष तथा अदक्ष श्रमिकहरू कार्ययोजना र लागत इष्टिमेट अनुसार परिचालन गरिनेछ।

**क्षमता अभिवृद्धि:** वन संवर्द्धन प्रणाली )Silviculture) अनुसार कटान तथा संकलन कार्य सम्पादन गर्न उपभोक्ता समूहका प्रतिनिधि र श्रमिकहरूका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

### अपेक्षित उपलब्धि

- **दिगो काठ:दाउरा आपूर्ति**/ वन संवर्द्धन प्रणाली बमोजिमवन व्यवस्थापन भई प्रदेश तथा स्थानीय स्तरमा काठ र दाउराको नियमित र दिगो आपूर्ति सुनिश्चित हुने।
- **वनको स्वास्थ्य र पुनरुत्पादनमा सुधार**: बुढा, रोगी र कम गुणस्तरका रुख हटाई झाडी सफाइ र थिनिङबाट नयाँ पुनरुत्पादन (Regeneration) प्रवर्द्धन भई वनको उत्पादकत्वमा वृद्धि हुने।
- **रोजगारी र स्थानीय आयआर्जन**: काठ कटान, मुछान, संकलन, घाटगद्दी व्यवस्थापन र वन संरक्षणका कार्यहरूबाट स्थानीय स्तरमा उल्लेख्य रोजगारीका अवसरहरू सिर्जना हुने।
- **राजस्व तथा आन्तरिक आय वृद्धि**: व्यवस्थित काठ बिक्री-वितरण मार्फत प्रदेश सरकारको राजस्व तथा सामुदायिक/साझेदारी वन उपभोक्ता समूहहरूको आन्तरिक आयमा वृद्धि हुने।
- **आगलागी र क्षति न्यूनीकरण**: अग्निरेखा निर्माण/सरसफाइ र ढलापडा काठ/दाउरा समयमै संकलन गर्दा वन डढेलो (Forest Fire) र काठ कुहिने समस्यामा कमी आउने।

४२ शान्तिधाम पार्क निर्माण त्रियुगा नगरपालिका-१२, उदयपुर

### कार्यान्वयन विधि

यस कार्यक्रमले मानिस र वातावरण वीचको सन्तुलन कायम गर्न मद्दत पुऱ्याउछ। जिल्लास्थित स्थानिय तह सगँ धार्मिकस्थलमा हरियाली सौन्दर्यकरण, नदि तटिय क्षेत्रको व्यवस्थापन एवम् संस्कृतिक पार्कका रुपमा स्थापित गर्न सहयोग हुने क्रियाकलाप सञ्चालन गर्ने योजना तयारी र निर्माण सम्बन्धमा सम्बन्धित सस्थाकार्यालयबाट / इन्जिनियरिङ इष्टिमेट तयार गरी निर्माणको काम गरिनेछ। स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी आवश्यकता अनुसार क्रियाकलाप तय गर ी सञ्चालन गर्न सकिनेछ । यस प्रकारका क्रियाकलापले सौन्दर्यपरक पर्यापर्यटनको विकास भई पर्यटन प्रवर्धन विकास साथै वातावरणको संरक्षणमा योगदान पुग्नेछ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय र सम्बन्धित सस्थाको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

### अपेक्षित उपलब्धि

त्रियुगा स्थित शान्तिधाममा हरियाली प्रवर्द्धनको कार्य हुनेछ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

४३. रेड पाण्डा संरक्षणको लागि प्रजनन् केन्द्र स्थापना तथा वासस्थान संरक्षण

डिभिजन वन कार्यालय वा सम्बन्धित निकायले रेड पाण्डाको विद्यमान वासस्थान, सम्भावित वासस्थान तथा संरक्षण आवश्यक क्षेत्रको पहिचान गरी कार्यक्रम सञ्चालन हुने स्थान छनोट गर्नेछ।स्थानीय तह, संरक्षण साझेदार संस्था, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन व्यवस्थापन समूह वा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।स्वीकृत कार्ययोजनाबमोजिम देहायका कार्यहरू सञ्चालन गर्न सकिनेछः

(क) रेड पाण्डा पाइने वा सम्भावित वासस्थानको पहिचान तथा स्थलगत अध्ययन गर्ने।

(ख) प्रजनन केन्द्र स्थापना गर्न उपयुक्त स्थान छनोट गरी आवश्यक पूर्वाधार (घेरा, आश्रयस्थल, आहार व्यवस्थापन, पानी, स्वास्थ्य तथा क्वारेन्टाइन सुविधा आदि) निर्माण गर्ने।

(ग) रेड पाण्डाको मुख्य आहार बाँस तथा अन्य आवश्यक वनस्पतिको रोपण, संरक्षण र व्यवस्थापन गर्ने।

(घ) क्षति पुगेको वासस्थानको पुनर्स्थापना, वन डढेलो नियन्त्रण, अवैध कटानी तथा अनियन्त्रित चरिचरन नियन्त्रण गर्ने।

(ङ) वन्यजन्तुको सुरक्षित आवागमनका लागि जैविक मार्ग (Wildlife Corridor) संरक्षण तथा सुधार गर्ने।

(च) रेड पाण्डाको नियमित अनुगमन, गणना, स्वास्थ्य परीक्षण तथा अभिलेखीकरण गर्ने।

(छ) स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह, विद्यालय तथा सरोकारवालालाई संरक्षणसम्बन्धी तालिम, जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

(ज) अनुसन्धान संस्था तथा संरक्षण साझेदार निकायसँग समन्वय गरी अध्ययन, अनुसन्धान तथा प्राविधिक सहयोग आदानप्रदान गर्ने।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र सम्बन्धित सव डिभिजन वन कार्यालय , सामूदायिक वन, स्थानीय तह र सरोकारवालाको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- रेड पाण्डाका लागि सुरक्षित र व्यवस्थित प्रजनन केन्द्र स्थापना हुनेछ।
- रेड पाण्डाको प्राकृतिक वासस्थानको संरक्षण तथा पुनर्स्थापना भई उपयुक्त आवास क्षेत्र विस्तार हुनेछ।
- बाँस तथा अन्य खाद्य वनस्पतिको उपलब्धता वृद्धि भई रेड पाण्डाको बासस्थानको गुणस्तर सुधार हुनेछ।
- वन डढेलो, अवैध कटानी, अतिक्रमण तथा अन्य मानवीय दबाबमा कमी आउनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

- रेड पाण्डाको संरक्षणमा स्थानीय समुदायको सहभागिता, स्वामित्व र जनचेतना अभिवृद्धि हुनेछ।
- रेड पाण्डाको अवस्था, वितरण तथा प्रजननसम्बन्धी तथ्याङ्क व्यवस्थित रूपमा अभिलेखीकरण हुनेछ।
- दीर्घकालीन रूपमा रेड पाण्डाको संरक्षण, प्रजनन सफलता तथा जैविक विविधता संरक्षणमा सकारात्मक योगदान पुग्नेछ।
- इलाम जिल्ला सन्दकपुर गा.पा. वडा नं. २ टप्पुमा पूवाधार निर्माण भई सकेकोले काम गर्न निश्चित हुने ।

४४. वनजन्य उद्यम विकास सहयोग

डिभिजन वन कार्यालयले स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन व्यवस्थापन समूह, वनमा आधारित सहकारी संस्था, उद्यमी तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नेछ। वनजन्य कच्चा पदार्थको उपलब्धता तथा उद्यम सञ्चालनको सम्भाव्यता अध्ययन गरी उपयुक्त लाभग्राही तथा उद्यम छनौटतथा सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने।उद्यम सञ्चालनका लागि आवश्यक मेसिन, उपकरण, पूर्वाधार तथा प्रविधिमा सहयोग उपलब्ध गराउने।वनजन्य उत्पादनको संकलन, प्रशोधन, मूल्य अभिवृद्धि, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरणका लागि प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने।उद्यम सञ्चालन, वित्तीय व्यवस्थापन, गुणस्तर नियन्त्रण तथा बजार व्यवस्थापनसम्बन्धी तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।कार्यक्रम सञ्चालनको क्रममा नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक परामर्श प्रदान गर्ने।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र सम्बन्धित सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा र सम्बन्धित उद्यमी/समुहहरूको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित नतिजा :**

(क)वनजन्य स्रोतमा आधारित दिगो उद्यम स्थापना तथा सञ्चालन हुनेछ।

(ख)वनजन्य उत्पादनमा मूल्य अभिवृद्धि भई स्थानीय स्तरमा रोजगारी र आयआर्जनका अवसर वृद्धि हुनेछन्।

(ग)वनजन्य उत्पादनको गुणस्तर तथा बजारीकरणमा सुधार हुनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(घ)वन स्रोतको दिगो उपयोग तथा संरक्षणमा समुदायको सहभागिता अभिवृद्धि हुनेछ।

(ङ)स्थानीय अर्थतन्त्र सुदृढ भई हरित उद्यमको विकासमा योगदान पुग्नेछ।

४५. हरियाली प्रवर्द्धन कार्यक्रम

**कार्यान्वयन विधि**

डिभिजन वन कार्यालयले स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन व्यवस्थापन समूह, शैक्षिक संस्था, सरकारी तथा गैरसरकारी निकाय एवं अन्य सरोकारवालासँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।हरियाली प्रवर्द्धनका लागि वन क्षेत्र, सार्वजनिक जग्गा, नदी उकास क्षेत्र, सडक किनार, खुला तथा खाली जग्गा र अन्य उपयुक्त स्थानको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने। स्थानीय भौगोलिक अवस्था, जलवायु तथा पारिस्थितिकीय प्रणालीअनुकूल स्थानीय तथा उपयुक्त प्रजातिका बिरुवा तथा बीउको छनोट गरी आवश्यक कार्ययोजना तयार गर्ने। परम्परागत वृक्षरोपण, प्रत्यक्ष बीउ छर्ने (Direct Seeding) तथाड्रोन प्रविधिमार्फत बीउ छर्ने (Drone Seed Broadcasting/Aerial Seeding) विधिको प्रयोग गरी हरियाली विस्तार गर्ने। आवश्यकता अनुसार Seed Ball/Pellet प्रविधिको प्रयोग गर्न सकिनेछ। दुर्गम, भीरालो, डढेलो वा भूक्षयबाट प्रभावित तथा मानव पहुँच कठिन भएका क्षेत्रमा ड्रोनको माध्यमबाट बीउ प्रसारण (Seed Broadcasting) गरी प्राकृतिक पुनर्जीवनलाई प्रोत्साहन गर्ने।आवश्यकतानुसार बिरुवा उत्पादन, खरिद, ढुवानी, वितरण तथा वृक्षरोपण गरी संरक्षणका लागि तारबार, गोडमेल, मलजल, सिंचाइ तथा अन्य मर्मतसम्भारका कार्यहरू सञ्चालन गर्ने।स्थानीय समुदाय, विद्यालय, युवा क्लब तथा सरोकारवालाको सहभागितामा वृक्षरोपण, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र सम्बन्धित सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा र सम्बन्धित समुहको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धि**:

(क) हरित आवरण तथा वन क्षेत्रकोविस्तार भई वातावरणीय गुणस्तरमा सुधार हुनेछ।

(ख)दुर्गम तथा क्षतिग्रस्त क्षेत्रमा ड्रोनमार्फत बीउ प्रसारण गरी कम समय, कम लागत र सुरक्षित रूपमा पुनर्वनीकरण तथा हरियाली विस्तार हुनेछ।

(ग )स्थानीय प्रजातिको पुनर्स्थापना, प्राकृतिक पुनर्जीवन तथा जैविक विविधता संरक्षणमा टेवा पुग्नेछ।

(घमाटो संरक्षण, जलाधार संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान पुग्नेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

(ङ)आधुनिक प्रविधिमा आधारित वन व्यवस्थापन प्रणालीको विकास भई हरियाली प्रवर्द्धन कार्यक्रमको प्रभावकारिता र कार्यदक्षता अभिवृद्धि हुनेछ।

(च)स्थानीय समुदायको सहभागिता, वातावरणीय सचेतना तथा हरित विकासप्रतिको अपनत्व वृद्धि हुनेछ।

४६. जिवीकोपार्जन सुधार योजना कार्यान्वयन

**कार्यान्वयन विधि**

डिभिजन वन कार्यालयले कबुलियती वन व्यवस्थापन समूहसँग समन्वय गरी जीविकोपार्जन सुधार योजना कार्यान्वयन गर्नेछ। लक्षित समुदाय तथा विपन्न, सीमान्तकृत, महिला, दलित, जनजाति, युवा तथा वनमा आश्रित परिवारहरूको आवश्यकता, स्रोतसाधन तथा जीविकोपार्जनको अवस्थाको अध्ययन गरी लाभग्राही छनोट गर्ने। स्वीकृत योजनाअनुसार वनमा आधारित तथा वातावरणमैत्री आयआर्जन कार्यक्रम, जस्तै जडीबुटी प्रशोधन खेती, बाँस तथा निगालो उद्यम, मौरीपालन, गैरकाष्ठ वन पैदावारको प्रशोधन, जैविक मल उत्पादन, कृषिवन प्रणाली (Agroforestry), तथा अन्य उपयुक्त उद्यम सञ्चालन गर्न सहयोग गर्ने।लाभग्राहीलाई आवश्यक प्रविधि, उपकरण, उत्पादन सामग्री, सीप विकास तालिम, व्यवसाय व्यवस्थापन तथा प्राविधिक परामर्श उपलब्ध गराउने।उत्पादित वस्तुको गुणस्तर सुधार, मूल्य अभिवृद्धि, ब्रान्डिङ, बजार पहुँच तथा बजारीकरणमा आवश्यक सहजीकरण गर्ने। यस अघि सञ्चालन भएका कार्यक्रमद्वारा प्रभावकारिता मुल्याङ्कन गरी कार्यक्रम गर्ने ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय र सम्बन्धित सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धि:**

(क)लक्षित परिवारको आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि हुनेछ।

(ख) वनमा आधारित दिगो उद्यमको विकास भई स्थानीय अर्थतन्त्र सुदृढ हुनेछ।

(ग) वन स्रोतको दिगो उपयोग, मूल्य अभिवृद्धि तथा संरक्षणमा समुदायको सहभागिता अभिवृद्धि हुनेछ।

(घ )विपन्न तथा वनमा आश्रित परिवारको जीविकोपार्जन स्तरमा सुधार भई गरिबी न्यूनीकरणमा योगदान पुग्नेछ।

(ङ )स्थानीय उत्पादनको व्यवसायीकरण, बजार पहुँच तथा उद्यमशीलताको विकास हुनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

४७. वर पिपल समि चौतारी निर्माण/संरक्षण तथा हरियाली प्रवर्द्धन कार्यक्रम

सार्वजनिक क्षेत्रमा हरियाली कायम गर्न तथा वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषि वन विकास, विस्तार तथा प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ सार्वजनिक स्थलमा वर, पिपल, समि जस्ता विरूवाहरूको संरक्षण, बिरुवा खरिद तथा रोपण गरी विश्रामस्थलको निर्माण तथा संरक्षण कार्यमा यो बजेट अमानतबाट खर्च गर्न सकिने छ ।स्थानीय तहसँग सहकार्य तथा प्राविधिक सहयोगमा संचालन गर्न सकिने, उपभोक्ता समूहको गठन गरी सो मार्फत वातावरण संरक्षण सम्वन्धी काम गर्ने संघ/संस्था र टोल विकास संस्था समेतमा संचालन गर्न सकिने ।

**अपेक्षित उपलब्धि**

हरियाली प्रवर्द्धन तथा शहरी क्षेत्र तथा सार्वजनिक क्षेत्रको पर्यावरणमा विकास भएको हुनेछ ।

४८. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन

यस शिर्षकमा विनियोजित रकम वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणका लागि आधुनीक प्रविधिको प्रयोग मार्फत अपराध नियन्त्रण र व्यवस्थापनको कार्यमा जोड दिइने छ ।यसका लागि डिभिजन/सव डिभिजन वन कार्यालय/सुरक्षा शाखा र सव डिभिजन वन कार्यालयहरुमा अत्याधुनिक उपकरण सहितको अपराध नियन्त्रण कक्षको व्यवस्थापन गरिनेछ ।सव डिभिजन वन कार्यालयहरुमा छुट्टै कोठा उपलब्ध नभएमा वा हुन नसकेमा कार्यालय कोठालाई नै उपयोग गर्न सकिनेछ । आवश्यकता अनुसार सो कक्षको व्यवस्थापनको लागि स्थानीय प्रशासन र सुरक्षा निकाय समेतसंग समन्वय र सहकार्य गर्न सक्नेछ ।यस कार्यका लागि आवश्यक पर्ने फर्निचर, फर्निसिङ्ग, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, स्कयानर खरिद, विद्युत् व्यवस्थापन, टेलिफोन, इन्टरनेट जडान, अन्य सञ्चारका साधन खरिद र वन तथा वन्यजन्तुको संरक्षण र सो सम्बन्धी अपराध अनुसन्धानका लागि आवश्यक अन्य जुनसुकै सामग्री, मेशिन, औजार, उपकरण खरिद, अपराध नियन्त्रण तथा मुद्दा अनुसन्धान दायरी सम्बन्धि क्षमता विकास (वन कर्मचारी)का लागि प्रशिक्षण संचालन गर्न यसै शिर्षक अन्तर्गत गर्न सकिनेछ ।यस शिर्षकबाट विनियोजित बजेट सव डिभिजनका लागि मात्र खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत यस कार्यक्रम सञ्चालन हुनेछ ।

**अपेक्षित उपलब्धि**

यसबाट फिल्डस्तरमा रहेका कार्यालयहरूको प्रविधिमा विकास भई अपराध नियन्त्रण कक्ष स्थापना भएको हुने र प्रविधिमैत्री कार्यालय र दक्ष जनशक्तिको व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

भू तथा जलाधार संरक्षण-तर्फ कार्यक्रमहरू

४९. आकस्मिक भू-संरक्षण कार्यक्रम

आकस्मिक रुपमा आइपर्ने विपद्ले व्यक्तिको घरवार नै उठिबास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति बनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिको क्षतिलाई कार्यालयबाट तत्काल राहत हुन सक्ने गरी प्राथमिक भू -संरक्षणका उपचार उपलब्ध गराउनका लागियो कार्यक्रम अमानतबाट सञ्चालन गरिनेछ।

प्राथमिकताको आधारहरुः

१) नेपाल सरकारले संकटग्रस्त घोषणा गरेको जिल्ला

२) पहिरो, वाढी, कटान भएको जलवायू परिवर्तनवाट क्षति भएको जिल्ला

३) चुरे तथा भू-क्षय भएको संवेदनशील क्षेत्र / जिल्ला

**कार्यान्वयनप्रक्रिया**

- विपद्सँग सम्बन्धित आवश्यक कागजात सहित पिडितकोमागनिवेदन,
- स्थलछनौट, आधारभुततथ्याङ्कसंकलन,
- वस्तुस्थितिकोविश्लेषणःअध्ययनअनुसन्धान, अन्तरक्रिया,
- सर्वेडिजाईनतथालागत अनुमान तयार,
- कार्यान्वयनचरणःकार्यालयमातहतकाकर्मचारीबाटकार्य सञ्चालन ,
- कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमनतथामूल्याङ्कन।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थानमा आकस्मिक रुपमा आईपर्ने विपद् व्यवस्थापन वा भू-संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भएकोहुनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
बिराटनगर, नेपाल

५०. एकिकृत भू-स्खलन नियन्त्रण

कोशी प्रदेश भौगोलिक हिसाबले हिमाल, पहाड र तराईमा विस्तारित रहेको र यसमा छोटो दुरीमै धेरै उचाई विविधता (६० मिटरदेखि ८८४८ मिटर) का साथै भिरालो भू-भाग रहेको हुदा यस क्षेत्रका कतिपय भूभागहरु भू-क्षय, बाढी, पहिरोको उच्च जोखिममा रहेका छन्। यस क्षेत्रलाई भू-स्खलनको संवेदनशिलताको दृष्टिकोणबाट राष्ट्रियस्तरमा नै बढी संवेदनशिल मानिन्छ र यस क्षेत्रमा करीब १० घनमिटर/हे./वर्षभू-क्षयदर रहेको अनुमान गरिएको छ। खासगरी मध्यपहाडी महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, खहरे तथा यसको सम्मुखमा रहेका बस्ती समुदायका मानिसहरुको जीउ,धनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

**संभावित कार्यक्रम तथा क्रियाकलापहरु**

- पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घाँस, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति बिरुवा रोपण)।
- पहिरो पूर्व सूचना प्रणाली विकास,जडान परीक्षण।
- गल्छि नियन्त्रण (भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति बिरुवा रोपण)।
- क्षतिग्रस्त भूमिपुनरुत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, आकासे पानी संकलन पोखरी बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातिका बिरुवा रोपण)
- **कार्यगत ईकाईः** प्रभावित क्षेत्र, सो को जलप्रवाह प्रणाली (खोला,खहरे,गल्छि) र सम्मुखमा रहेका बस्ती समुदायलाई कार्यक्रम सञ्चालनका लागि ईकाई मानी कार्य गरिनेछ। यसमा प्रभावित क्षेत्रको लागि उपयुक्त भू-उपयोगका उपायहरु देखि जैविक, संरचनात्मक, बायोईन्जिनियरिङ्ग प्रविधिहरुको प्रयोग गरी उपचार गरिनेछ। कार्यक्रम निर्माणको प्रारम्भदेखिनै प्रभावित जनसमुदायलाई सहभागी गराईनेछ।
- **प्राथमिकीकरणः**मानवीय क्रियाकलापका कारण सृजित पहिरो तथा भू-क्षय स्थल तथा प्रत्यक्षरुपमा मानवबस्ती र मानवको जिउधनको रक्षासँग जोडीएका पहिरो तथा भूक्षयस्थलहरुको उपचारमा प्राथमिकता दिईनेछ भने भौगर्भिककारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहनेछन र प्रत्यक्षरुपमा मानवीय जोखिम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय, महत्वपुर्ण सडक) को क्षति हुने प्रकोपहरु बढी प्राथमिकतामा रहनेछन्।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## कार्यान्वयन प्रक्रिया

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषण:अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरण:स्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धित समुह/संस्था , उपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र कार्यान्वयन।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान,समय, सीप तथा दक्ष जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट विभिन्न स्थानमा रहेको गल्छी/पहिरो नियन्त्रण भई जोखिन न्युनिकरण भएको हुनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

५१. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानीका श्रोतहरु सुक्दै गई सुख्खा क्षेत्रको रुपमा परिणत भैरहेको अवस्थालाई सम्बोधन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। पानीको मुलहरुको संरक्षण गर्दै परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी पूनरुत्थान गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई संकलन गर्ने, पोखरी बनाई बढी भएको पानीलाई खोलाखोल्सीमा सुरक्षित निकास बनाउने, मध्यम भिराला बारी (१५ देखी २१ डीग्री ढलान कोण सम्मकालाई) सम्भव भएसम्म गह्राहरु सुधार गर्ने, नभए बीचमा बिरुवाको हेजरो बनाउने, नाङ्गो क्षेत्र, बुट्यानक्षेत्रमा उपयोगी बिरुवाहरुको वृक्षारोपण गर्ने, वृक्षारोपण गर्दा अर्धचन्द्राकार आकारमा १. ५देखि २मि. को आँखीभौ जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट बिरुवा रोप्ने, वहुवर्षीय फलफूल तथा डाले घाँसका बिरुवाहरु ३-४ फिटको हुर्केको मात्र रोप्ने, हरित क्षेत्र कायम राख्न जमीनलाई बाक्लै घाँसपात लगाउने, खेती गर्दा मल्चिङ गर्ने र खेतीवारी संरक्षण गर्ने । कार्यक्रम सञ्चालन गर्न देहायका उपायहरु अवलम्बन गरिनेछ।

- **खानेपानी योजना**

खानेपानीको योजनामा पाइप, ट्याङ्की, धारा मात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समावेश गरिनेछ।

- **वन ब्यवस्थापन**

पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाति भएको वनलाई चौडापाते मिश्रीत वनको रुपमा क्रमिक रुपमा रुपान्तरण गर्न डिभिजन वन कार्यालयसँग समन्वय गर्ने, सामुदायिक व नभए कार्ययोजनामा समावेश गरी योजना बनाउनेतथा स्थानीय तह, स्थानीय उपभोक्ता, लाभान्वीत समुदाय समेत प्रत्यक्ष सहभागीता र डिभिजन वन कार्यालयको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

**सुख्खा क्षेत्रमा कृषिमा अनुकुलन**

- जमीन ओसिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखित कार्यहरु गरिनेछ।
- खोला खोल्सीमा वर्षे भलपानी संकलन पोखरी बनाई सिंचाइ गरिनेछ।
- खेतबारी संरक्षण गरिनेछ।
- सिंचाई हुन नसक्ने पाखोबारीहरुमा सुख्खा खप्नेबालीहरुको जात पहिचान तथा प्रवर्द्धन (घैयाधान, जुनेलो, कागुना, सितलचिनी, सैजुन), फापर, अदुवा, बेसार, गहत पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।
- बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफूल) गरिनेछ।
- सामुदायिक बिउ बैंकको स्थापना गरिनेछ ।
- पानीफारो सिंचाई प्रविधि, थोपासिंचाइ, जुठेलो सिंचाईजस्ता कार्यलाई जोड दिईनेछ।
- बोराखेती, समुच्चरेखामा खेती (Contour Trench Farming) गरिनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- मल्चिंग (छापोखेती) लाई वढावा दिईनेछ साथै संरक्षण खेती पाती गरिनेछ।
- बहुवर्षिय फलफूल तथा डालेघाँस/भुईघाँसको बिरुवाहरु रोपण गरी कम खनजोत गर्नुपर्ने बालि लगाउने।

**कार्यान्वयनप्रक्रिया**

➢ स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

**स्थल छनौटको आधार:** भूक्षय-, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता लाई समेत विचार गरी अन्तिम स्थल (बजेट र जनशक्तिको दायरा) निर्धारण गरिनेछ।

प्राथमिकताको आधारहरु:

१नेपाल सरकारले संकटग्रस्त घोषणा गरेको जिल्ला

२) पहिरो, वाढी, कटान भएको जलवायू परिवर्तनवाट क्षति भएको जिल्ला

३) चुरे तथा भू-क्षय भएको संवेदनशील क्षेत्र / जिल्ला

- वस्तुस्थितिको विश्लेषणःअध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वेडिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरणःस्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

➢ प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र , कार्यान्वयन।

➢ कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,

- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जन शक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षता तथा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न क्षेत्रमा देखा परेको सुख्खा तथा पानीको समस्या हल भई दिगो सिँचाइ सुविधा, खानेपानीको व्यवस्था, कृषि उत्पादनमा वृद्धि र ग्रामीण जीवन सहज भएको हुनेछ ।

## ५२. खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन

खानेपानी, सिंचाई जलाधार संरक्षण तथा प्राकृतिक रुपमा रहेका महत्वपूर्ण र लोपोन्मुख हुन लागेका पानीका श्रोतहरुको पहिचान र वस्तुस्थितिको विश्लेषण गरी प्राथमिकताका आधारमा पानी श्रोतहरुको दिगो संरक्षण तथा व्यवस्थापन गरिनेछ। यस अन्तर्गत पानी मुहान संरक्षण, संरक्षण पोखरी, कुलो मर्मत, जलाधार क्षेत्रमा भलपानी भण्डारणतथा भूमिगत पानी पुनर्भरण संरचना निर्माण, क्षतिग्रस्त भुमि पुनरुत्थान, खेतबारी संरक्षण, मुलाधार संरक्षण,समुच्च खाडल (Counter Trenches) निर्माण लगायतका क्रियाकलापहरू संचालन गरिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषण:अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वेडिजाईन तथा लागत अनुमान,

- कार्यान्वयन चरण:स्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित स्थानिय तहको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

➢ प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र , कार्यान्वयन।

➢ कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,

- अनुगमनतथामूल्याङ्कन (कार्यक्रमकोहरेकचरणमा)।

**जनशक्ति व्यवस्थापन**

भू -तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थानमा सुरक्षित, नियमित खानेपानीको उपलब्धता र कृषि सिँचाइका लागि भरपर्दो पानीको स्रोत सुनिश्चित भएको हुनेछ।

५३. चुरे तथा नदी प्रणाली संरक्षण

चुरे तथा तराई मधेशका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ। अन्य प्रदेशमा झै कोशी प्रदेशमा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर, तराइ-मधेश, भित्री मधेशको जीवन संकटमा पर्दै गएको छ। चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भू-क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन्। यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठुलो जोखिम निम्त्याइ रहेकोछ। यस कार्यक्रम अन्तर्गत भूक्षय नियन्त्रण, नदि किनार संरक्षण एवं तटबन्धन, नदि उकास जग्गा संरक्षण/सदुपयोग, हरित पेटी निर्माण, जलाधार क्षेत्रको पुनस्थापनाजस्ता वातावरणीय क्रियाकलापहरू सञ्चालनगरिनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## कार्यान्वयन प्रक्रिया

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषणःअध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरणःस्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौ ,ता र कार्यान्वयन ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

## जनशक्ति व्यवस्थापन

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवाप्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट चुरे क्षेत्रको भूक्षय नियन्त्रण र नदी प्रणालीको दिगो व्यवस्थापन मार्फत प्राकृतिक स्रोतको संरक्षण गर्दै स्थानीय समुदायको विपद् जोखिम न्यूनीकरण र जीविकोपार्जनमा सुधार भएको हुनेछ।

५४. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village)

जलवायु परिवर्तनको चुनौतीहरुसँग सामना गर्दै अनुकलन तथा न्यूनीकरणका क्रियाकलापहरुलाई प्रवर्द्धन गर्ने र समुदायको समानुकुलन क्षमता बढाउने उद्देश्य अनुरुप संघीय 'जलवायुअनुकुलित गाउँ कार्यक्रमसञ्चालन कार्यविधि, २०७३ बमोजिम जलवायू अनुकुलित विविधकार्यक्रमहरुसाथै बहुवर्षे फलफूलका विरुवा रोपण, कृषि वन प्रविधि, खेतबारी संरक्षण, भूमि उत्पादकत्व संरक्षण, पानी व्यवस्थापन प्रविधि, सामुदायिक पानी संकलन पोखरी, खेर गएको पानी संकलन, पानी श्रोत संरक्षण र सरसफाई, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

## कार्यान्वयन प्रक्रिया

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषण:अध्ययन अनुसन्धान, अन्तरक्रिया,
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयनचरण:स्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धित समुह/संस्था , उपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र कार्यान्वयन।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा)।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट स्थानीय समुदायमा जलवायु परिवर्तनका असरहरू सामना गर्ने क्षमता अभिवृद्धि भई त्यसबाट पर्ने जोखिमलाई न्यूनीकरण गरी हरित विकासको अवधारणाअनुरूप समुदाय आत्मनिर्भर र जलवायु उत्थानशील भएको हुनेछ।

५५. पार्श्वचित्र प्रकाशन (Activity Profile)

यस कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने सबै कार्यालय वा निकायहरुले कार्य प्रगतिको मासिक, आवधिक र वार्षिक प्रतिवेदन तथा वार्षिक संरक्षण पार्श्वचित्र (Activity Profile) तोकिएको ढाँचामा तयार गरी आफ्नो तालुक निकायहरुमा पठाउनु पर्नेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट भू तथा जलाधार सम्बन्धि वार्षिक कृयाकलापको पार्श्वचित्र(Activity Profile)पुस्तक तयार भई कार्यक्रमको लागत, वस्तुस्थिति, लाभान्वित घरधुरी, रोजगारी श्रृजना आदीको विषयमा कार्यालयको आगमी योजना र विकासका प्राथमिकता निर्धारण गर्न सहज हुने अपेक्षा गरिएकोछ।

५६. भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन

चुरे र तराई मधेशका विचमारहेको भावर क्षेत्रका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरेक्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ। अन्य प्रदेशमा झै कोशी प्रदेशमा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर क्षेत्रको जीवन संकटमा पर्दै गएको छ। चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक बाढी आउने, भूक्षय, नदीकटान, जमीनमुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरेभावर तथा तराई मधेशमा देखिएका छन्। यी समस्याहरुको सम्बोधन गर्नका लागि भावर क्षेत्रमा रहेको पानीको श्रोत तथा सिमसार संरक्षण कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन हुनेछ।

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण,
- संरक्षण वृक्षारोपण,
- पानी स्रोत संरक्षण तथा भूमीगत जलउपयोग ।

**कार्यान्वयन प्रक्रिया**

➢ स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ। वस्तुस्थितिकोविश्लेषणःअध्ययनअनुसन्धान, अन्तरक्रिया

- सर्वेडिजाईन तथा लागत अनुमान,
- कार्यान्वयनचरणःस्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौत ,ा र कार्यान्वयन ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्नसकिनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट भूमिगत पानीको पुनर्भरणमा वृद्धि भई जैविक विविधताको जगेर्ना, बाढी नियन्त्रण र स्थानीय बासिन्दाका लागि दिगो जीविकोपार्जन तथा कृषि उत्पादनमा टेवा पुगेको हुनेछ।

५७. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण

नदी किनारा स्थिरिकरण, आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संबेदनशील रहेको छ। योकार्य सञ्चालन गर्दा बायोइन्जिनियरिंङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनुपर्छ। साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्यलाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्नेछ। बायोइन्जिनियरिंङ्ग बाहेकका संरचना जस्तै तटबन्ध, स्पर र चेकड्याम निर्माण गर्नुपर्ने भएमा नदी, खोलाको बहावक्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नुपर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिंङ एप्रोन, स्टड र स्परहरुको अनिवार्य व्यवस्था गर्नुपर्नेछ। निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा हरितपेटिका निर्माण गर्नुपर्नेछ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषण:अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरण:स्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धित समुह/संस्था , उपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र कार्यान्वयन।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा)।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट खोला किनारको भूक्षय र बाढीपहिरोको जोखिमलाई दिगो रूपमा नियन्त्रण गरी तटवर्ती बस्ती, खेतीयोग्य जमिन तथा भौतिक पूर्वाधारको संरक्षण भएकोहुनेछ।

५८. विरूवाउत्पादन तथा वितरण

**कार्यान्वयन विधि:**

खाली वनक्षेत्रमा वृक्षारोपण गर्न, निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न र बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।कुन कुन प्रजातिको बिरुवाको माग छ सोको यकिन गरी माग अनुसारको प्रजाति र संख्या एकिन गरी बिरुवा उत्पादनको योजना तय गर्नु पर्ने छ । कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो कार्यादेशमै स्पष्ट खुलाउनुपर्नेछ । बिरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ।उत्पादन भएका बिरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा वृक्षारोपणका लागि वितरण गरिनेछ।

साथै गुणस्तरीय बिरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ। बिरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag saddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ। त्यसैगरी नर्सरीमा उत्पादन हुने बिरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presuming treatment, germination percent, average height of seedlings, तथा नर्सरीमा भएका बिरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ। एक वर्षिय बिरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ । वहुवर्षीय बिरुवा उत्पादनको हकमा न्यूनतम ८"x५" को पोलिब्याग प्रयोग गरी १ वर्ष भन्दा बढी समयसम्म नर्सरीमा संरक्षण तथा Hardeningoff गरेर मात्र वहुवर्षीय बिरुवा वितरण गर्नु पर्नेछ



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

। साथै उत्पादित बिरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी बिरुवा वितरण गर्नु पर्नेछ।

यस शिर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने तथा निजी नर्सरीहरुबाट समेत बिरुवा खरिद गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित बिरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन (विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट उच्च गुणस्तरका फलफूल, जडिबुटी तथा काष्ठपातका बिरुवाहरू पर्याप्त मात्रामा उत्पादन भई किसानहरूलाई समयमै उपलब्ध हुने र निजी तथा वन क्षेत्रको हरियाली प्रवर्द्धनमा टेवा पुग्नेछ

**जनशक्ति व्यवस्थापन**

बिरुवा उत्पादन लागि सम्बन्धित भु तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ।

**अपेक्षित उपलब्धि**

विशेष आयमूलक प्रजातिहरुको बिरुवा उत्पादन भई यि बिरुवाहरुको वृक्षारोपण गरेर प्राप्त हुने वन पैदावरको बिक्री वितरणबाट स्थानीय मानिसहरुको आयस्रोतमा वृद्धि भएको हुनेछ।

## ५९. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख

यस कार्यक्रम अन्तर्गत निर्मितसंरचनाहरु, वृक्षारोपण क्षेत्र, नर्सरीको व्यवस्थापनमा थप निर्माण कार्य लगायत अन्य आवश्यक रेखदेखको लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन गरिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट कार्यालयले आवश्यकता अनुसार विभिन्न स्थानमा व्यवस्थापन तथा रेखदेख सम्बन्धी क्रियाकलप सञ्चालन गरी संरक्षणको कार्यमा टेवा पुगको हुनेछ।

## ६०. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम

भू-संरक्षणको दृष्टिकोणले अति संवेदनशिल क्षेत्रमा समस्याको प्रकृति हेरी उपयुक्त कार्यक्रम सञ्चालन गर्न सकिन्छ। खासगरी मध्यपहाडी, महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, नदी कटान

डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

कोशी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल

नियन्त्रण, खहरे तथा यसको सम्मुखमा रहेका बस्ती समुदायका मानिसहरुको जीउधनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौटः स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषणःअध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरणःस्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र , कार्यान्वयन।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा) ।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, ज्ञान, सीप तथादक्ष जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

यस कार्यक्रमबाट भूक्षय, पहिरो तथा बाढीको जोखिममा रहेका संवेदनशिल क्षेत्रहरूको दिगो संरक्षण भई प्राकृतिक प्रकोपबाट हुने धनजनको क्षति न्यूनीकरण भएकोहुनेछ।

६१. सडकसँग भू-संरक्षण

ग्रामीण क्षेत्रहरुमा तिब्र रुपमा ग्रामीण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू-स्खलन गराएको कारणले जैविक विविधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ। ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शनस्थलको रुपमा विकास गरी प्रवर्द्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तहसम्म हस्तान्तरण गरिनेछ।

यस कार्यक्रममा वायोईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँवायाँ हरियाली प्रवर्द्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्मक निर्माण कार्य, सडक आसपासका बस्ती र मानवीय जोखिमयुक्त स-साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सोसम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भलपानीको निकास जस्ता कार्यहरु पर्दछ न्भने यसका क्रर्यममा सडक निर्माण वा स्तरोन्नतिका उद्देश्यले निर्माण हुने सडकको नाला निर्माण, वाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुने छैन।

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट: स्थलगत अनुगमनका साथै सरोकारवालाहरुसँग छलफल तथा परामर्श लिई निम्न प्राथमिकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थल छनौट गरिनेछ।

स्थल छनौटको आधार: भू-क्षय, पहिरो वा बाढीको उच्च जोखिम भएका, जलवायु परिवर्तनको हिसावले संवेदनशिल, माथिल्लो र तल्लो तटको प्रत्यक्ष सम्बन्ध रहेका तथा महत्वपूर्ण पूर्वाधार र बस्तीलाई सुरक्षा पुऱ्याउने संवेदनशील जलाधार क्षेत्रहरूलाई प्राथमिकतामा राखी स्थल छनौट गरिन्छ। यसका साथै विगतमा कार्य संचालन गर्दा अधुरा रहेका संरचना, स्थानीय समुदायको माग, सक्रिय सहभागिता र अपनत्व, सीमान्तकृत वर्गको हित, र प्राविधिक तथा वित्तीय सम्भाव्यता (बजेट र जनशक्तिको दायरा) लाई समेत विचार गरी अन्तिम स्थल निर्धारण गरिनेछ।

- वस्तुस्थितिको विश्लेषण:अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा लागत अनुमान,
- कार्यान्वयन चरण:स्थानिय तह वा जिल्ला स्थित सरकारी निकायमा दर्ता रही कामकाज गर्दै आएको वा दर्ता भएको समुह/संस्था वा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गठन भएको उपभोक्ता समिति वा सेवा प्रदायक संघसंस्था मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ । समुह/संस्था वा समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा प्रस्ताव भएको कुल बजेटको कम्तिमा १०% रकमबराबरको कार्य समूह आफैले व्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।



डा. ईन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

➢ प्रस्ताव स्विकृत भए पश्चात सम्बन्धितसमुह/संस्थाउपभोक्ता समिति वा सेवा प्रदायकसँग सम्झौता र , कार्यान्वयन।

➢ कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश,

- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा)।

**जनशक्ति व्यवस्थापन**

- भू-तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, ज्ञान, सीप तथादक्ष जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट सडक निर्माण गर्दा हुने पहिरो तथा भूक्षयलाई रोकी सडकको दिगोपन कायम हुनुका साथै आसपासको बस्ती र जग्गा सुरक्षित तथा वातावरणमा पर्ने नकारात्मक असर न्यूनीकरण भएकोहुनेछ।

६२. पानी मुहान संरक्षण

